# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक



## हार्दिक श्रद्धाञ्जली



जन्म : १९९७ । ०१ । १५

निधन : २०७३ । ११ । २६

नेपाल राष्ट्रिय प्राध्यापक संगठनका कोषाध्यक्ष सहप्रध्यापक भीमलाल पौडेल तथा बोधराज पौडेलका पिता **धनेश्वर पौडेल**को असामयिक निधन भएको हुँदा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवार तथा आफन्त एवं शुभचिन्तकहरूप्रति समवेदना प्रकट गर्दछौं ।

**नेपाल राष्ट्रिय प्राध्यापक संगठन**
केन्द्रीय समिति



वर्ष १ अङ्क ३७ | २०७३ चैत ७ गते सोमबार | Monday, March 20, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## साँस्कृतिक प्रतिरोध दिवसमा क्रान्तिकारी युवाहरूको 'मार्चपास'

# 'लड्नैपर्छ राष्ट्रिय स्वाधीनताको लडाइँ'





◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ले चैत्र ५ गते देशैभर साँस्कृतिक प्रतिरोध दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ। क्रान्तिकारी युवा लिग, नेवा राज्यले साँस्कृतिक प्रतिरोध दिवसको सन्दर्भ पारेर विशाल युवा मार्चपासको आयोजना गऱ्यो। मार्चपासमा हजारौं क्रान्तिकारी युवाहरूको सहभागिता रह्यो भने मार्चपासलाई नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले सम्बोधन गरे ।

तत्कालीन नेकपा माओवादीका ७ जना कलाकारहरूलाई काभ्रेको अनेकोटमा सेल्टर लिएको घर घेरा हाली राज्यपक्षले आगो लगाएर सामूहिक हत्या गरेको दिनको स्मरणमा हरेक वर्ष चैत ५ गते साँस्कृतिक प्रतिरोध दिवस मनाइदै आएको छ ।

२०५५ साल चैत ५ गते अनेकोटको एक घरमा बसिरहेका बेला कलाकारहरू च्याङ्बा लामा, निर्मला देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुवँर, डम्बर श्रेष्ठ, सुभद्रा सापकोटा र चिनीमाया लामाको प्रहरीले सामूहिक हत्या गरेको थियो । सोही हत्याकाण्डपछि तत्कालीन नेकपा (माओवादी) र अखिल नेपाल जनसाँस्कृतिक संघले चैत ५ गतेलाई साँस्कृतिक प्रतिरोध दिवसको रूपमा मनाउने निर्णय गरेको थियो ।

साँस्कृतिक प्रतिरोध दिवसको अवसरमा शनिबार नेकपा (क्रान्तिकारी माओवादी) ले सप्तरीमा भएको हत्याकाण्ड र कञ्चनपुरमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले गोली हानेर नेपाली युवा गोविन्द गौतमको हत्या गरेको विरोधमा देशभर युवा मार्चपासको समेत आयोजना गर्ने निर्णय अनुसार काठमाडौं उपत्यकासहित देशैभर युवा मार्चपासहित सभाको आयोजना गरेको छ ।

मार्चपाससहितको सभालाई सम्बोधन गर्दै अध्यक्ष किरणले कञ्चनपुरमा नेपाली भूमिको रक्षाका क्रममा एसएसबीको गोली लागेर नेपाली मारिदासमेत सरकार गम्भीर नबनेको भन्दै आक्रोश पोखे। उनले राष्ट्रिय स्वाधीनताको प्रश्न झनै गम्भीर बन्दै गएको भन्दै उनले कञ्चनपुर घटनाले त्यसलाई झनै पुष्टि गरेको बताए।

कञ्चनपुरमा नेपाली सीमा क्षेत्रभित्र कलभर्ट बनाएको विषयमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले विवाद सिर्जना गरी नेपाली पक्षमाथि गोली चलाएको घटनामा भारतले माफी माग्नुपर्ने उनको भनाई थियो ।

यति गम्भीर घटना हुँदा पनि भारत भ्रमणमा गएका गृहमन्त्रीले भारतीय ... बाँकी ७ पेजमा

## मुलुकको पछिल्लो परिस्थितिबारे देजमो, नेपालको धारणा



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एक प्रेस वक्तव्य जारी गर्दै मुलुकको पछिल्लो स्थितिबारे मोर्चाको धारणा सार्वजनिक गरेका छन् । ३० फाल्गुन ०७३ मा जारी वक्तव्यको पूर्णपाठ यस्तो रहेको छ : "नेपालको समग्र परिस्थिति जटिल मात्र होइन, विकराल बन्दै गएको छ । गत एक हप्ताका घटनाक्रमलाई मात्र नियाल्ने हो भने पनि यो कुरा स्पष्ट देख्न सकिन्छ । कंचनपुर जिल्लाको आनन्द नगरमा सामान्य ढल बनाउने विषयमा भएको विवादमा भारत सरकारको सीमा सुरक्षा बलले दिन दहाडै गोली चलाएर देशभक्त नेपाली युवकको हत्या गर्नु र ... बाँकी ४ पेजमा

# 'सेना निर्माण गरेर लड्ने अनुभव हासिल गरेका छौं'



काठमाडौं । कपन, मिलनचोकका साहसी युवा क्लवमा आवद्ध युवाहरूलाई नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले बुधबार पार्टी प्रवेश गराए । 'क्रान्तिकारी युवाहरूको सम्मान तथा पार्टी प्रवेश कार्यक्रम'मा प्रमुख अतिथिको रूपमा उपस्थित रहेका अध्यक्ष किरणले साहसी क्लवका दश जना युवाहरूलाई अबीर लगाएर पार्टी प्रवेश गराउँदै भने, 'हाम्रा सपनाहरू ज्युँका त्युँ छन् । नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नको लागि क्रान्तिकारी पंक्तिलाई संगठित गरेर अगाडि बढ्नुपर्छ । हामीसँग संगठन निर्माण, सेना निर्माण गरेर लड्ने अनुभव हासिल गरेका छौं ।'

क्रान्तिकारी युवा लिग, नेपाल नवाः राज्य ... बाँकी ७ पेजमा

## पूर्वी मगरातमा क्रान्तिकारी माओवादीको प्रशिक्षण




◆ **वर्गदृष्टि संवाददाता**

तानसेन । नेकपा (क्रान्तिकारी माओवादी) को पूर्वी मगरातस्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रम पाल्पाको तानसेनमा सम्पन्न गरेको छ। चैत १ देखि ३ गतेसम्म भएको प्रशिक्षणमा मार्क्सवादी दृष्टिकोण, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको हो ।

प्रशिक्षणका क्रममा दर्शनको विषयमा हस्तबहादुर केसी, राजनीतिक अर्थशास्त्रका विषयमा परि थापा र वैज्ञानिक समाजवादका विषयमा परि थापा र हस्तबहादुर केसीले संयुक्त रूपमा प्रशिक्षण दिएका थिए । ... बाँकी ७ पेजमा

# 'चुनाव र संशोधन'मा संसदवादीहरूबीच तीव्र विवाद

◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं। संविधान संशोधन गरेर निर्वाचनमा जाने वा संविधान संशोधन थाती राख्ने भन्ने विषयमा सत्ताको नेतृत्व गरिरहेको माओवादी केन्द्र र सत्तारुढ नेपाली काँग्रेसबीच नै फरक धाराणा देखिएको छ। संविधान संशोधन प्रस्तावका विषयलाई लिएर सत्तारुढ दल र प्रतिपक्षी एमालेबीच लामो समयसम्म जुहारी नै चलेको भएपनि अब सत्तारुढ दलबीच नै यो विषयले बेमेलको अवस्था सिर्जना गरेको हो । सरकारले संविधान संशोधनको प्रस्ताव संसदमा पुगिसकेको अवस्थामा त्यसलाई टुंगो नलगाईकन बैशाख ३१ गते स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेपछि संशोधन प्रस्तावको भविष्य अनिश्चित भएको छ भने निर्वाचन हुने वा नहुने भन्ने अन्योलता समेत देखिएको छ । संविधान संशोधनका विषयमा सत्तारुढ काँग्रेस निर्वाचनको प्रक्रियासँगै संविधान संशोधन प्रस्तावलाई पनि अघि बढाउनुपर्ने पक्षमा देखिएको छ भने माओवादी केन्द्र अब संविधान संशोधन प्रस्तावलाई अघि नबढाउने निश्कर्षमा पुगेको छ । अघिल्लो सातामात्रै सरकारका सहभागी भएको राप्रपा समेत संविधान संशोधनको विपक्षमा छ । संविधान संशोधन प्रस्ताव अघि बढाएको खण्डमा आफूले विपक्षमा मतदान गर्ने राप्रपाको अडानका कारण सत्ताको नेतृत्वमा रहेको माओवादी केन्द्रलाई समेत प्रस्ताव असफल हुने डर भएका कारण अघि ... बाँकी ४ पेजमा

# नेपाल-भारत खुला सिमाना : एक विवेचना

**नेपालमा बस्ने भारतीय र भारतमा बस्ने नेपालीहरूले सम्बन्धित देशमा राष्ट्रिय हैसियत उपभोग गर्न पाउने छन् भनी १९५० को सन्धिमा उल्लेख गरिएको छ । यो स्थितिमा, खुला सिमानाका कारण भारत वा नेपाल कुन देशले यसबाट के कति फाईदा लिएको छ ? भारतीय नागरिकले नेपालमा प्रयोग गर्ने बराबरको हैसियत नेपाली नागरिकले भारतमा प्राप्त गर्न सकेका छन् त ?**



● **इन्द्रमोहन सिग्देल**

सामान्यतः ऐतिहासिककालदेखि नै र विशेषतः सन् १९५० मा गरिएको 'शान्ति तथा मैत्री सन्धि' पछि नेपाल र भारतका बीचको भौगोलिक सिमाना घोषित रूपमा खुला रहेको छ । उक्त सन्धिको बुँदा नम्बर ७मा लेखिएको छ, 'भारत र नेपालका सरकारहरू आवाश, सम्पति माथिको स्वामित्व, वाणिज्य तथा व्यापारमा सहभागिता, आवत-जावतको सुविधा र यस्तै प्रकृतिका अन्य सुविधाहरूमा एउटा देशका नागरिकलाई अर्को देशको भूमिमा पारस्पारिक आधारमा समान सुविधा प्रदानगर्न मंजुर गर्दछन् ।' नेपालको राजनीतिक वृत्तमा १९५० को सन्धिबारे अमूर्त रूपमा चर्चा-परिचर्चाहरू हुने गरेका छन् । वाम वृत्तभित्र यसको विरोध हुने गरेको छ । तर, यस सन्धिका धाराहरू मध्ये कुन धाराको असर कस्तो परेको छ भन्नेबारे विश्लेषणात्मक समीक्षा त्यति धेरै भएको पाईंदैन ।

१९५० को सन्धिको एउटा धाराले खुला सिमानाको विषय अगाडि सारेको छ। कतिपय स्वघोषित विद्वानहरूले यसलाई नेपाल र भारतका बीचको सौहार्द्र तथा अद्वीतिय मैत्री सम्बन्धको अर्थमा व्याख्या गर्ने गरेका छन्। नेपालमा बस्ने भारतीय र भारतमा बस्ने नेपालीहरूले सम्बन्धित देशमा राष्ट्रिय हैसियत उपभोग गर्न पाउने छन् भनी उक्त सन्धिमा उल्लेख गरिएको छ । यो स्थितिमा, खुला सिमानाका कारण भारत वा नेपाल कुन देशले यसबाट के कति फाईदा लिएको छ ? भारतीय नागरिकले नेपालमा प्रयोग गर्ने बराबरको हैसियत नेपाली नागरिकले भारतमा प्राप्त गर्न सकेका छन् त ? खुला सिमानाका कारण नेपाललाई के कति फाईदा भएको छ वा बेफाईदा छ ? नेपालमा यी प्रश्नहरू बारे खासै विबेचना हुने गरेको छैन । यो लेखमा नेपाल-भारतका बीचको खुला सिमानाले नेपालमा परेको प्रभाव बारे संक्षिप्त विश्लेषण गरिने छ ।

विषय वस्तुको प्रस्तुती संगै अहिले मेरो दिमाग आजभन्दा करीव ३० वर्ष अगाडि रेडियो नेपालबाट प्रशारित एउटा राष्ट्रिय समाचारमा ठोकिन गएको छ। त्यो समाचार कुन साल, कुन महिना र कति गतेको हो, अहिले मेरो स्मरणमा छैन। करीब ०४४ सालतिर हुनु पर्छ, रेडियो नेपालबाट साँझको ७ बजे प्रशारित एउटा राष्ट्रिय समाचारले मलाई लामो समयसम्म हैरान बनाएको थियो । त्यो समाचार थियो, 'किसानहरूको हितलाई ध्यानमा राखी रासायनिक मलको मूल्यमा प्रति किलो रु २ का दरले बृद्धि गरिएको छ ।' यस ... बाँकी ७ पेजमा

वर्गदृष्टि साप्ताहिक Bargadristi Weekly

## सम्पादकीय

# हजारौं 'युवा मार्चपास'को खाँचो !

साँस्कृतिक प्रतिरोध दिवस तथा कञ्चरपुर हत्याकाण्ड र सप्तरी हत्याकाण्डको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिगले ५ चैत्र ०७३ मा सशक्त 'युवा मार्चपास'को आयोजना गऱ्यो । मौसमको प्रतिकूलताका बाबजुद क्रान्तिकारी युवाहरूले सडकमा जमेर मार्चपासलाई सान्दार रूपमा सफल तुल्याए । मार्चपासलाई क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'को महत्वपूर्ण सम्बोधनसहित समापन गरियो ।

चौतर्फी आक्रमण र घेराबन्दी गरेर माओवादी आन्दोलनको क्रान्तिकारी धारालाई माटियामेट बनाउन खोज्ने दक्षिणपन्थी/वामपन्थी अवसरवादी/संशोधनवादी र देशीविदेशी प्रतिक्रियावादीहरूलाई क्रान्तिकारी माओवादीका युवाहरूको यो मार्चपासले गतिलो झापडका साथ कडा प्रतिरोध गरेको छ । व्यक्तिगत स्वार्थ र सुविधाका पछाडि विगतका बाचा, मूल्य, मान्यता र आदर्शलाई कुल्चिएर एकाथरि युवाहरू नाङ्गै दौडिदै गर्दा क्रान्तिकारी युवाहरूले प्रदर्शन गरेको यो युवा मार्चपासको विशेष अर्थ र महत्व रहेको छ ।

विचारधारात्मक तथा राजनीतिक कार्यदिशाका हिसाबले नेपालमा नयाँ जनवादी क्रान्तिको खाँचोको गहिरो बोध गर्ने र त्यसको तयारीमा इमान्दारितापूर्वक जुट्ने पार्टी भनेको नेकपा (क्रान्तिकारी माओवादी) मात्रै हो । तमाम प्रतिकूलता र अवरोधहरूलाई पन्छाउँदै यो पार्टी फेरि पनि राष्ट्रिय राजनीतिमा वैकल्पिक शक्तिको रूपमा अगाडि आइरहेको छ । र, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूको वैज्ञानिक समाधानको मार्गचित्र पनि प्रस्तुत गर्दै आइरहेको छ ।

राष्ट्रियता र जनतन्त्रको मुद्दा कञ्चनपुर र सप्तरी हत्याकाण्डसम्म आइपुग्दा निकै विकराल, जटिल र संकटपूर्ण स्थितितर्फ धकेलिएका छन् । दिनदहाडै एसएसबीले गोली हानेर नेपाली नागरिकको हत्या गर्दासमेत यहाँको सरकार भारतीय विस्तारवादसामु चुँ सम्म बोल्ने आँट गर्दैन, सीमाका स्वाभिमानी नेपालीहरूले भारतीय विस्तारवादको बलिदानीपूर्वक प्रतिरोध गर्दा समेत यहाँको सरकार बलिदानमा गर्व गर्न सक्दैन । देशैभित्र अधिकार खोज्ने जनतामाथि गोली हानी नृशंस हत्या गर्छ र बिखण्डनकारीहरूलाई उत्तेजित र उत्साहित बनाउँछ । बढ्दो महंगी, बेरोजगारी, राज्यका निकायमा बढ्दो संस्थागत भ्रष्टाचार, अनियमित्तताले जनजीविकाका मुद्दाहरू कति विकराल छन् भन्ने प्रष्ट पार्छ । संविधान संशोधन तथा मौजुदा संसदीय व्यवस्थामा गरिने टालटुले सुधारले यी समस्याहरूको समाधान दिन सक्दैन । त्यसका लागि व्यवस्थामा आमूल परिवर्तनको खाँचो छ । संसदीय व्यवस्थालाई जनताको जनवादी व्यवस्थाले विस्थापित गर्नु पर्दछ । त्यसका लागि क्रान्तिकारी शक्तिहरू एकताबद्ध र शक्तिशाली भएर राज्यव्यवस्थाका विरुद्ध अर्को क्रान्तिको थालनी गर्नु पर्दछ । यस अर्थमा, क्रान्तिकारी युवाहरूको मार्चपासको विशेष महत्व छ ।

आज करिब करोड नेपाली विदेशी भूमिमा श्रम र पसिना बगाउन बाध्य छन् । त्यसमध्ये ७० लाखभन्दा बढी त युवाहरू नै छन् । यहाँ हुने व्यवस्था परिवर्तनको आन्दोलनमा ती युवाहरूको भूमिका निकै महत्वपूर्ण हुन्छ । दुःख र पीडाको पर्याय बनेका ती युवाहरूको भाग्य र भविष्यसँग प्रत्यक्ष रूपले गाँसिएको हुनाले नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कोर्षमा ती युवाहरूलाई कसरी जोड्ने भन्ने विषयमा क्रान्तिकारी युवाहरू गम्भीर बन्न जरुरी छ । स्वार्थको पछाडि दौडिने युवाहरू होइन, श्रम, उत्पादन र सिर्जनामा लामबद्ध युवाहरू नै क्रान्तिका भरपर्दा शक्ति हुनसक्छन् । यसको गहिरोबोध क्रान्तिकारी युवाहरूमा हुन जरुरी देखिन्छ । श्रमजीवि, शोषित-उत्पीडित युवाहरू, र उनीहरूमा भएको श्रमता र प्रतिभालाई पार्टी र क्रान्ति, देश र जनताको हितमा उपयोग गर्न सकिएको खण्डमा मात्र क्रान्तिकारीहरूले क्रान्तिलाई गतिशिल बनाउन सक्छन् । क्रान्तिकारी युवाहरू भनेका क्रान्तिका चालक शक्ति पनि हुन् । यसर्थमा, यो युवा मार्चको विशेष महत्व छ । र, यस्ता नेपाली नयाँ जनवादी क्रान्तिका लागि यस्ता र अझ विशाल मार्चपासहरूको हजारौंको संख्यामा खाँचो छ । त्यस दिशातर्फ क्रान्तिकारी युवाहरूको कदम अगाडि बढ्न जरुरी छ । मालेमावादको वैचारिक हतियारले लैस युवाहरूको सशक्त र जुझारु शक्ति अहिलेको ज्वलन्त आवश्यकता हो । यसको गहिरोबोध आम श्रमजीवि शोषित उत्पीडित युवाहरूमा हुन जरुरी छ ।


परिवर्तनको सम्वाहक



सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# 'नेपाली राष्ट्रियता र राष्ट्रिय सहिद गोविन्द गौतम'



चन्द्रहरि सुवेदी'अटल'

राष्ट्रियताको नारा लगाउनु र व्यवहारमा त्यसलाई उतार्नु फरक कुरा हो । नेपालीहरूको राष्ट्रियता यति गहिरो छ कि त्यसलाई कसैले आँकलन नै गर्न सक्दैन । संसारमा घाम नअस्ताउने साम्राज्यवादी वेलायतलाई समेत हराएको इतिहास बोकेको नेपालको राष्ट्रिय भावना बेलायती साम्राज्यवादी बुटमुनी कुल्चिर दुईसय वर्षसम्म दास बनेकाहरूले कसरी बझ्नून् र ? हाम्रा पुर्खाहरूले अत्याधुनिक तोप गोला र बन्दुक जस्ता उच्च प्रविधिका हतियारविरुद्ध घरेलु हतियार, कमसल प्रविधि, भाला, घुएत्रो, ढुंगाको भरमा साम्राज्यवादलाई हराएको इतिहास छ । आज पनि नेपाली इतिहासका विद्यार्थीहरू, जसले नेपालको सामान्य इतिहासको जानकारी राख्दछन्, लाई नालापानी, जीतगढी, सिन्धुलीगढी जीब्रोको टुप्पोमा झुण्डिएको छ, जहाँ महिला केटाकेटीले पानी पनि नखाई वेलायती साम्राज्यवादको कमाण्ड गरेको जर्नेल जीलेस्पीलाई मारेका थिए नालापानीमा । कप्तान उजीर सिंहको नेतृत्वमा नेपाली पक्षले बुटवल कब्जा गर्न आएको वेलायती टुकडीलाई हराएर लखेटेको थियो र हालसम्म पनि बुटवल नजिकै जीतगढी नामले प्रख्यात छ । कप्तान किनलोकको नेतृत्वमा आएको अत्याधुनिक हतियारसहितको फौजलाई सिन्धुलीगढीमा ढुङ्गामुढा, सिस्नो, अल्लो र अरिंगाल प्रयोग गरेर धोती न टोपी बनाएर लखेटेका थिए । ती जम्मै हतियार खासेर अहिलेसम्म पनि नेपाली सेनाको ब्यारेकमा सजाएर राखिएको हामीले देख्दछौं ।

यस्ता वीर नेपालीको इतिहासलाई कसैले खेलाँची गर्छ भने पौने तीन करोड नेपाली जनता फेरि जुर्मुराएर उठे भने सबै सेनामा परिणत हुनेछन् र संसारको कुनै पनितागतले नेपालीलाई हराउन सक्ने छैन । त्यस्ता वीरपूर्खाको रगतका सन्तान नेपालीहरूको एउटा दब्बु कायर र साम्राज्यवादी समान उपभोग गर्ने आदतका दास बनेकाहरू यदाकदा चियाचौतारी र अनौपचारिक छलफलमा 'बरु बेलायतले लिईदिएको भए हामी विकसित र सुखी हुने थियौं, ०२७, ०४५ र ०७२ सालमा भारतले लगाएको नाकाबन्दीका कारण भएको क्षतिबाट अत्तालिदै बरु भारतमै मिसिएत यस्तो हुने थिएन' भन्नसम्म भ्याउँछन् । यस्ता राष्ट्रघाती विचार लिनेहरू 'हाम्रा वाबु-बाजेको भाषामा गर्भमै तुहिएको भए राम्रो हुने थियो' भनेर हरेक देशभक्तहरूले दुत्कार्नु पर्छ ।

राष्ट्रियताको मामला अति संवेदनशील मामला हो । नेपाललाई आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रूपले शेष भारतबाट अलग नगराउने भनेर घोषणापत्र लेखेर गठन भएको नेपाली कांग्रेसका नेताहरू समेत 'राष्ट्रवादी' भएर मर्न बाध्य भए नेपालीहरूको राष्ट्रवादी चेतको कारण । नेपाली वामपन्थीहरूको इतिहास, राष्ट्रियताकै कारण विकास भएको कुरा हामी सबैले सहजै अनुभूत गर्न सक्छौं । नेपालको अहित र भारतको हितमा भएका असमान सम्झौताका कारण नेपालका पार्टीहरू र नेताहरू बदमान छन् । कोशी, गण्डकी र महाकाली बाँधमा उभिएर हेर्ने नेपालीको मन रुन्छ । डुवान, कटान जति नेपालतिर, पानी जति भारततिर जसरी कोइराला खलकका एउटै बावुका तीन प्रधानमन्त्री भएर गिनिजबुकमा नाम लेखेका प्रचार गरिन्छ, ठीक त्यस्को कोशी सम्झौता गर्ने मातृका गण्डकी असमान सम्झौता गर्ने वी.पी. र पहिला टनकपुर सम्झौता गर्ने गिरिजा र पछि सिंगै महाकाली सम्झौता गर्ने एमाले समेत बदनाम छन् नेपाली इतिहासमा ।

हामीले देखेका छौ सिंगै पौने तीन करोड नेपालीलाई पीडा र दुःख दिने र चिढ्याउन तयार हुने भारतीय विस्तारवादले भित्र-भित्र कति दवाव दिंदो हो सत्तामा/सरकारमा बस्नेलाई, त्यो हामीले अनुभूत गर्न सक्छौ । नेपालमा स्पष्ट दुई धारा छन् एउटा देशभक्तको धारा अर्को दलालीको धारा । संविधान कानुनले नछेक्ने त्यहि सोनिया गान्धी भारतको प्रधानमन्त्री बन्न सक्तिनन्, भारतीय राष्ट्रियताको चेतले इटली चेली भएकै कारण । हाम्रो देशमा भारतीय चेली अंगीकृत नागरिकता संवैधानिक निकाय मन्त्री परिषद्को सदस्य शान्तिमन्त्री हुँदा सीतादेवी यादवको बारेमा समीक्षा समेत हुँदैन । नेपालमा यस्ता पनि पार्टी छन्, जो नेपालीहरूको हितमा होइन भारतीय नागरिकको हितमा संवैधानिक निकायका प्रमुख हुन पाउनुपर्छ भनेर आन्दोलन गर्छन्, संवैधानिक निकायका सदस्यत छँदैछन्, सांसद, मन्त्री र अरु कतिपय पदमा त्यो पनि हामीलाई पाच्य हुने हामी कस्ता भएका छौं ? सत्तामा हुँदा भारतीय विस्तारवादको दलाली गर्ने र सरकार र सत्ताको बाहिर हुँदा राष्ट्रियताको कुरा गर्ने यो दोधारे नीति लामो समयदेखि नेपाली राजनीतिमा देखिदै आएको छ । अहिले के.पी. ओलीलाई नेपाली जनताले शंकाको लाभ दिएका छन् । पश्चिमबाट घाम झुल्किन्छ १ खरब बीस अरब बार्षिक आम्दानी नेपालले पाउँछ भनेर आफ्नो पार्टी फुट्ने सर्तमा समेत महाकाली सन्धि गर्ने ओलीको सरकार सत्तामा रहँदा २००७ सालदेखि कुनै पनि सरकारले गर्न नसकेको र नचाहेको छिमेकी चीनसँगको व्यापार र पारबहन सन्धि गरेको र त्यही कारण हालको सरकारी पक्ष भारतीय विस्तारवादीसँग लम्पसार परेर सरकार परिवर्तन गरेको आरोप नेपाली जनताले लगाएका छन् । हिजो देशभक्त नेपाली जनताको मन जित्न विस्तारवादसँग लड्न सुरुङ युद्धको धमास लगाउनेहरू अहिले विस्तारवादको अगाडि लम्पसार परेको देख्दा तीनचित खाएका छन्, नेपाली देशभक्त जनताहरूले । संसारका दई सयभन्दा बढी देश रहेको अवस्थामा देशको राष्ट्रियता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता, स्वाधीनता जस्ता कुरा सानो र ठुलो हुँदैन, सबै देशको बराबरी हुन्छ । एउटा भनाई छ 'तिमी अरुबाट कस्तो व्यवहार चाहान्छौ, तिमी पनि अरुलाई त्यस्तै व्यवहार गर' नेकपा (क्रान्तिकारी माओवादी) को चीनको राज्यसत्तासँग सैद्धान्तिक सहमति छैन । एकथरी भारतीय विस्तारवादले आफ्नो दलाली ढाकछोप गर्न चीनको दोष देखाउन रौंचीरा दर्शन खोज्दै हिडेका छन् । कसैको पनि विरोध वा समर्थन उसको गुण दोषको आधारमा गरिन्छ ।

हिजो तिब्बतसँग नेपालको लडाईं हुँदा चिनियाँ फौज नेपालको रसुवा जिल्लाको वेत्रावतीसम्म आएकै हो । नेपालीहरूले त्यति बेला चीनको साम्राज्यवादी नीतिको विरोध गरेकै हुन् र चीनीयाँ सेनालाई लखेटेर केरुङसम्म पुऱ्याएर रसुवागढी सीमा कायम गराएकै हुन् । महान् लेनिनले भन्नु भएको कुरा 'पूँजीवादको चरम अवस्था भनेको साम्राज्यवाद हो' चीनले भविष्यमा त्यस्तो नीति लियो भने नेपाली जनताले विरोध गर्ने नै छन् । आजसम्म १९४९ को नयाँ जनवादी चीन र १९५६ देखिको समाजवादी चीनले नेपालको सार्वभौमिक सत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनताको उच्च सम्मान गरेको छ । 'सगरमाथा नेपालको हो' भन्ने देखि लिएर महान् माओ नेपाल चीनभन्दा सानो छ, हामीले सानो देश नेपालको मन दुखाउनु हुँदैन, चीनको अलिकति भु-भाग बरु नेपालतिर गएर केहि फरक पर्दैन नेपालको अलिकति भु-भाग चीनतिर पर्नु हुँदैन' भन्ने कुराले चीनलाई नेपालले असल छिमेकी मित्र भनेको हो । चीनको स्पष्ट नीति के छ भने चीनियाँ कम्युनिष्ट पार्टीको सरकार भएपनि पार्टी-पार्टी सम्पर्क एउटा कुरा हो सरकार-सरकारको सम्बन्ध अर्को कुरा हो । २०१७ साल असारमा चीनले नेपालको भू-भागमा पसेर मुस्ताङको कोरलामा १ जनाको हत्या गरेको र केही मानिसलाई गिरफ्तार गरेको घटनामा पूँजीवादी नेपाली कांग्रेसको सरकारमा प्रधानमन्त्री वी.पी. कोइरालाले विरोध गर्ना साथ तुरुन्त गल्ली भयो भनेर मृतकको क्षतिपुर्ति स्वरूप ५० हजार (हालको मुल्यअनुसार झण्डै १ अरब भन्दा बढी हुन्छ) दिएर गिरफ्तारलाई रिहाई गरेर ठुलो छाति प्रदर्शन गरेको थियो । पूँजीवादी सरकार भनेर उसले कुनै सिद्धान्तको हठ प्रदर्शन गरेन १९७६ मा माओको मृत्युपछि चीनमा पूँजीवादको पुनर्स्थापना भयो तर चीनले अहिले पनि आफुलाई 'चीनीयाँ विशेषता युक्त समाजवाद भन्छ' । त्यहि आफुलाई समाजवादी भन्ने चीनले नेपालको पूँजीवादी पार्टीका नेता विश्वेश्वर प्रसाद कोइरालाको नाममा वी.पी. कोइराला व्यानर हस्पीटल भरतपुर चितवन खोलिदियो । चीनको गल्ती कमजोरी खोज्दै हिड्ने कांग्रेसका भारत परस्त कार्यकर्ता सयो खोजे झै खोज्दै हिंड्दा पनि नपाउदा हैरान भएका छन् । एक पट्टीको छिमेकी यस्तो छ अर्को पट्टिको छिमेकि १ किलो चिनी, साबुन, जीरा, मरिच लिएर नेपाल आउने नागरिकलाई १ रूपैयाँ पनि घुस माग्छ बोर्ड र सुरक्षा पुलिसले र नदिरा कटवासका लौरालै दैनिक पिट्छ सीमनाका पिल्लर दिनादिन गायब पार्छ, बाटो भन्दै आठ किलो मिटरभित्र कुनै पनि विवादस्पद संरचना निर्माण नगर्ने, संयुक्त राष्ट्र संघको बडा पत्र र अन्तर्राष्ट्रिय नियमलाई मिच्दै पूर्व-पश्चिम बाँध सिमानामै जोडेर नेपालकै गिटी ढुंगा, वालुवा प्रयोग गरेर नदी जडान ... बाँकी ७ पेजमा

झर्रोटर्रो

कैलुब्राह

# घरघरमा अधिकार खाडीमा रोजगार

'घरघरमा अधिकार, खाडिमा रोजगार' भन्ने मूल नाराका साथ नेपाल मण्डलका कार्यकारी प्रधानमन्त्री मिस्टर सुप्रिमोले निकै ठूलो तामझामका साथ नयाँ नेपालको ढोका खोल्दै पानसमा बत्ती बालेर उद्घाटन गरे । ललितपुर उपमहानगरलाई महानगरमा बदल्दै अब पुरानो नेपाल समाप्त भई नयाँ नेपाल उदाएको घोषणा गरे । उद्घाटन मात्र होइन, उनले नेपालकै इतिहासमा पहिलो पटक आफ्ना बाहुवलीबाट जनतालाई घरघरमा अधिकार दिएको धाकधक्कु पनि लगाए । अबदेखि साँच्चैको नयाँ नेपाल भएको छ । सुप्रिमोको जनवाद घरघरमा उदाएको छ । गाउँ पञ्चायत हुँदा सामन्तवाद थियो । गाविस भएर पूँजीवादको विकास भयो । अहिले उपमहानगर र महानगरको विकास भएपछि र देशैभर गाउँपालिका हुँदा समाजवादको दैलो उघारिएको छ । अब समाजवादको विकास गर्ने र सुप्रिमोको सिङ्गापुरे सपना पूरा गर्ने काम मात्र बाँकी छ । त्यो काम निरन्तर सरकारमा गएपछि पूरा हुन्छ । सबै नेता कार्यकर्तालाई केन्द्रीय सरकारमा स्थानाभाव रहने भएकाले प्रदेश र स्थानीय तहमा समेत सरकारको व्यवस्था गरेपछि त्यो समस्या पनि समाधान हुने भएको छ । त्यसैले घरघरमा सरकारको व्यवस्था संविधानमा राखिएको हो । अब कोही पनि सरकार बाहिर वस्नु पर्ने समस्या रहेन । जहाँसम्म रोजगारको कुरा छ त्यो त खाडि मुलुकले हाम्रा रैती मनुवाहरूका लागि सीट सुरक्षित गरि राखिदिएकै छन् । त्यसका लागि हामीले आफ्नो देशमा व्यवस्था गर्नु पर्ने टन्टा बोक्नु परेन ।

पञ्चप्रेतहरूले २०१७ साल पुस १ गते जारी गरेको संविधान उहिल्यै खारेज भए पनि त्यसले बनाएको राज्यको ढाँचाकाँचा अहिलेका दिनसम्म यथावतै कायम भइ आएको थियो । २०४७ सालमा बहुदलवादीहरूले नाम बदले पनि ढाँचा बदलेका थिएनन् । अबउप्रान्त त्यो सबै खारेज भएको छ । अबदेखि नेपाल मण्डलका रैती मनुवाहरू सरकार खोज्न काठमाण्डु धाउनु पर्ने छैन । अझ सिंहदरबार त झन् छिर्नै पर्ने छैन । कत्रो लडाइँ जितेको अनुभूति गर्नु पर्थ्यो रैती मनुवाहरूले सिंहदरबारको दक्षिण गेट पास गरेर भित्र पस्दा । गरुढपुराणमा बर्णित पापीहरूले यमराजको ढोका खोलेर स्वर्ग जान चौरासी हण्डर र ठक्कर खाएर नरककुण्डमा सङ्घर्ष गर्नु परे जत्तिकै सङ्घर्ष गर्नु पर्थ्यो सिँहदरबारको गेट पास गर्न । अब त्यो लडाइँ लड्नु पर्ने छैन ।

आफ्ना जिल्लाबाट 'जितेर' आएका मालिक मुखियाहरूको अनुकम्पा पाएर नेपाल मण्डलकै रैती मनुवा भएको प्रमाणित गराई सिँहदरबार छिरिहाले पनि मन्त्रालयका सरकारी यमराजहरूको हुर्मत व्यहोर्नु पर्ने छैन । अब उनीहरूको फुटवल बन्नु पर्ने छैन । उनीहरूले अन्ठसन्ठ उल्झन हालेर रैती मनुवाको कुनै पनि काम नगरेर रित्तै हात फर्कनु परेका दिनहुँका कहानी अब उनीदिनका कहानीमा बदलिने छन् । प्रत्येक रैतीहरूका घरघरमा सरकार आफैं काम खोज्दै पुग्ने छ । यति ठूलो अधिकार भोग गर्न पाउँदा पनि जनवाद नआएको भन्ने मनुवाले नरककुण्डको हण्डर खाएर चौरासी जुनी विताइरहनु पर्ने छ ।

नयाँ नेपालको ढोका खोल्दै महामहिम मिस्टर सुप्रिमोले घोषणा गरे 'अब सिँहदरबारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार रैती मनुवाहरूको घरघरमा पुगेको छ ।' हो अब त्यो सबै रैतीहरूका घरघरमा आएको छ । यस्तो अधिकार पहिले कहाँ थियो र ? यो अधिकार आएपछि त अब जनवादका बाँकी कार्यभार पनि पूरा भएका छन् । अब त सिधै समाजवादतिर लम्किने कुरा छ । त्यसका लागि रैतीहरूले प्रसस्त धन कमाएर आर्थिक रूपले सबल बन्नु पर्छ । किनकि समाजवादमा जानका लागि आर्थिक समृद्धि अनिवार्य शर्त हो । त्यसका लागि सरकारले सहज रूपको बाटो पनि खोलिदिएको छ । अब धन कमाउन खाडितिर जान अनिवार्य छ । नयाँ नेपाल भएकाले यहाँ पुरानो तरिकाले खेतिपाती गर्ने र कृषिप्रधान देश भनेर नाक फुलाउने पञ्चप्रेतको काइदा पनि खारेज भएको छ । पाहाडतिरका खेतवारीमा बनमारा, सिस्नो र पाती उमारेर देशलाई हरियाली बनाउने र तराईका खेतबारीमा बगर हालेर प्लटिङ गरि घरघडेरीमा विक्री वितरण गर्नु पर्ने छ । ठाउँठाउँमा खोलिएका सिमेन्टी फ्याक्ट्रीबाट सिमेन्ट लगेर ठूलाठूला घर, बिल्डिङ र हाउजिङ कम्प्लेक्स बनाएर छिट्छिटो सहर बनाउनु पर्ने छ । त्यसैले पनि छिमेकका ठूलठूला बानियाँहरूलाई सिमेन्ट फ्याक्ट्री खोलेर महाभारत र चुरे पाहाडका ढुङ्गा निकाली सिमेन्टी बनाउन सरकारले अधिकार दिएको हो । नेपाल मण्डलमा काम नलाग्ने ढुङ्गा छिट्छिटो निकालेर पाहाड सम्याएर मैदान बनाएपछि नेपाल मण्डलमा मैदानी भूभाग प्रसस्त बन्ने छ । त्यसपछि देशैभर उपमहानगरपालिका र महानगरपलिका बन्नेछन् र समाजवाद घोषणा हुनेछ । त्यो समाजवादको घोषणा र उद्घाटन पनि मिस्टर सुप्रिमोकै करकमलबाट गर्ने मनसुवा उनको छ । त्यसैले विलम्ब गर्ने अवसर छैन । अब घरघरबाट १८ बर्स काटी ४० बर्स ननाघेका ठिटाठिटीहरू तुरुन्त खाडितिर कुद्नु जरुरी छ । घरघरमा सरकार आयो भनेर मख्ख पर्ने होइन । सरकार पो आएको हो त रोजगार त खाडीमै हो नि । ५ चैत २०७३

kailubraha73@gmail.com

# महिला अधिकारको नाममा डलरको खेती मौलाएको छ



❑ लक्ष्मी मुड्भरी
अध्यक्ष- अनेमसंघ (क्रान्तिकारी)

(लक्ष्मी मुडभरी आम क्रान्तिकारी महिलाहरूको माझमा चिनाइरहनुपर्ने नाम होइन । २०४७ सालमा ६ कक्षा पढ्दापढ्दै अनेरास्ववियू छैठौंको सदस्यता प्राप्त गरेकी नेतृ मुडभरी ०४८ सालदेखि नै सक्रिय राजनीतिमा होमिनु भएको हो । ०४९/०५० मा महिला संगठनको जिल्ला सदस्य हुँदै जनयुद्ध घोषणा गरेकै वर्ष ०५२ वैशाख १८ को नेपाल बन्दमा काठमाडौंमा सहभागी हुँदा उहाँ गीता गुरूङसँगै गिरफ्तारीमा पर्नुभयो । दशवर्षे जनयुद्धको कालखण्डमा ८ पटक गिरफ्तारी, जेलनेल र यातनाबाट स्पातिलो बनेकी मुडभरी ०५६ सालमा एक महिनाको गर्भावस्थामा गिरफ्तारमा पर्नुभयो । उहाँलाई ४ महिनाको बच्चासहित ०५७ मा तत्कालीन सरकारले रिहा गऱ्यो । उहाँसँग वर्गवैरीका यातना शिविरका निकै पीडादायी कष्टसाध्य जीवनका अनगिन्ती अनभवहरू छन् । जनयुद्धकालका आँधिमय वर्षहरूमा बलिदानीपूर्वक संघर्षबाट खारिएकी नेतृ मुडभरी हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी)को महिला संगठन अनेमसंघ (क्रान्तिकारी)को केन्द्रीय अध्यक्षमा निर्वाचित हुनुभएको छ । अध्यक्ष मुड्भरीसँग महिला मुक्ति आन्दोलनको पेरिफेरिमा रहेर गरिएको कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ । -सं.)

***अनेमसंघ (क्रान्तिकारी) को सम्पन्न राष्ट्रिय सम्मेलनबाट अध्यक्षमा निर्वाचित हुनभएको छ। चुनौती र संभावनाका दृष्टिले कस्तो अनुभति गर्नुभएको छ ?***

विगतमा महिलाहरूको राजनीतिक चेतना, क्षमता र अनुभव निकै कमजोर थियो, तर आज खासगरी १० वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनका राजनीतिक घटनाक्रमको जगमा महिलाहरूमा राजनीतिक चेतनाको विकास भएको छ । पुरुष र महिलाबीच सामाजिक, आर्थिक, लैङ्गिक विभेदका रेखाहरूलाई आज महिलाहरूको ठूलो हिस्साले सहजै बुझ्न सक्दछ। महिलाहरूमा आफ्नै क्षमताप्रतिको आत्मविश्वास बढेको छ। समाजलाई नेतृत्व दिन सकिन्छ भन्ने आत्मविश्वास राख्ने महिलाहरूको ठूलो हिस्सा छ । आन्दोलनलाई नयाँ शिराबाट उठाउनका लागि यो एउटा सम्भावना र आधार पनि हो । सँगै, नेपाली जनताको परिवर्तनको आकांक्षामाथि ठूलो धोकाधडी र गद्दारी आन्दोलनको नेतृत्व गरेर आएकै शक्तिबाट भएको वर्तमान अवस्थामा जनताका अधुरा सपनाको नेतृत्व गरिरहेको मालेमावादको वैचारिक/सैद्धान्तिक आलोकमा अगाडि बढिरहेको पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हाम्रो साथमा रहेको छ । तमाम उत्पीडित वर्ग र समुदायको अधिकार प्राप्तिको अग्रगामी संघर्षमा नेतृत्वदायी भूमिका दिनसक्ने पार्टी हुनु अर्को मजबुत सम्भावना हो ।

> विगतमा महिलाहरूको राजनीतिक चेतना, क्षमता र अनुभव निकै कमजोर थियो, तर आज खासगरी १० वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनका राजनीतिक घटनाक्रमको जगमा महिलाहरूमा राजनीतिक चेतनाको विकास भएको छ ।
>
> * * *
>
> महान् जनयुद्धका बेला महिलाहरूको ठूलो हिस्साले निकै ठूलो त्याग, वीरता, बलिदान प्रदर्शन गरेका थिए ।
>
> * * *
>
> आज देशका प्रमुख कार्यकारी पदमा महिलाहरू प्रमुख बनेका छन् । राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश महिला हुनुहुन्छ । संविधानसभामा ३३प्रतिशत महिलाहरूको उपस्थिति छ ।
>
> * * *
>
> अर्कोतिर महिला अधिकारकै नाममा साम्राज्यवादी डलरको खेती मौलाएको छ ।
>
> * * *
>
> हामीले उठाएका मुद्दाहरूमा सहमत हुने या तत्कालीन साझा मुद्दा भयो भने संयुक्त संघर्ष दिनसक्ने सम्भावना छ ।

महान् जनयुद्धका बेला महिलाहरूको ठूलो हिस्साले निकै ठूलो त्याग, वीरता, बलिदान प्रदर्शन गरेका थिए । २५०० भन्दा बढी महिलाको शहादत, सयौं बेपत्ता र सयौंको घाइते जीवनको श्रृंखला विकास हुँदा समाजका परिवर्तन, अधिकार र आफैभित्रको शक्तिलाई बुझ्ने र विश्वास गर्ने जुन चेतनाको विकास भयो, त्यसले महिला नेतृत्वको श्रृङ्खला नै तयार पार्न सफल भयो । तर यति ठूलो बलिदानको जगबाट उठेको महिला नेताहरूको ठूलो हिस्सा आज थाकेर हिजोको विचार, सिद्धान्त र बलिदानको आदर्शबाट विचलित हुन पुग्यो । यसले आन्दोलनमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा भूमिका खेल्दैआएको ठूलो हिस्सामा निकै ठूलो आशंका र अविश्वासको अवस्था सृजना गरिदिएको छ । र, सोझा, इमान्दार र वैचारिकस्तर कमजोर भएका महिलाहरूमा भ्रम सिर्जना गरेको छ । आज आन्दोलनमा देखापरेको यो प्रकारको सुधारवादी भ्रमलाई चिरेर क्रान्तिकारी आन्दोलन अघि बढाउनु पहिलो चुनौतीको विषय बनेको छ ।

जनताको वीरतापूर्ण र साहसिक संघर्षको झोक्काबाट पराजयको सन्निकट पुगेको प्रतिक्रियावादी राज्यसत्ता जहाँ, दलाल नोकरशाही र सामन्तवर्गको वर्चस्व कायम छ । आज जनताको आन्दोलन कमजोर बनाउन उनीहरू सफल भएका छन् । जसकारण आन्दोलनका सर्वाधिक स्थापित भएका जनताका अधिकारका मुद्दाहरूलाई दिनानुदिन कमजोर बनाउने षड्यन्त्रहरू भइरहेका छन् । यो आजको गम्भीर चुनौती हो । त्यस षड्यन्त्रको प्रतिवाद गर्ने, भण्डाफोर गर्ने र सचेत र जागरुक जनपंक्तिसहित वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादका विरुद्ध आन्दोलनको नयाँ शीराबाट उठाउने दायित्वबोधको अनुभूति गरेको छु ।

***जनयुद्धकालीन भीषण आँधीमय वर्षहरूमा निकै कष्टसाथ जीवन गुजारेर आएको व्यक्तिका हिसाबले आजसम्मको क्रान्तिकारी महिला मुक्ति आन्दोलनको सम्मीक्षा कसरी गर्नुहुन्छ ? संक्षिप्तमा उल्लेख गरिदिनुस न।***

राणाविरोधी आन्दोलनकी महिला योद्धा योगमाया न्यौपनेले गरेको विद्रोह, मंगलादेवीले गरेको संगठित आन्दोलन, पञ्चायती व्यवस्थाका विरुद्ध कम्युनिष्ट आन्दोलनको सापेक्षतामा उठेको महिला आन्दोलनको जगमा १० वर्षको महान् जनयुद्धले उत्पीडित महिलाहरूलाई सचेत ढंगले आन्दोलित र संगठित गर्ने काम भयो । जनयुद्धका कालखण्डमा महिलाहरूले त्याग, तपस्या, वीरता र बलिदानका अद्वितीय कीर्तिमानहरू कायम गरे । जीउँदै जलाउँदा, शरीरका अंगहरू टुक्रा टुक्रा पार्दा पनि उनीहरूले पार्टीको गोपनीयता कायम राखे । जनमुक्ति सेनाको ४० प्रतिशत हिस्सा महिलायोद्धाहरूले ओगटे । रक्षा, सन्तुलन हुँदै प्रत्याक्रमणसम्मको युद्धमा २५ सयभन्दा बढी महिलाहरूले बलिदान गरे । दशवर्षे जनयुद्ध र १९ दिने आन्दोलनमा महिलाहरूले खेलेको नेतृत्वदायी भूमिकाकै कारण अन्तरिम संविधानमा महिलाहरूलाई राज्यका हरेक निकायमा ३३ प्रतिशतको हिस्सा हुने प्रावधानले कानुनी मान्यता पायो ।

आज देशका प्रमुख कार्यकारी पदमा महिलाहरू प्रमुख बनेका छन् । राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश महिला हुनुहुन्छ । संविधानसभामा ३३% महिलाहरूको उपस्थिति छ। यो महिला मुक्ति आन्दोलनको यो महत्वपूर्ण उपलब्धि हो । यसको पहिलो श्रेय तिनै महान् वीरंगनाहरूलाई जान्छ। तर विडम्बना आज जुन लक्ष्य प्राप्तिका लागि त्यो बलिदान भएको थियो, त्यो लक्ष्यलाई नै ओझेल पार्ने षड्यन्त्रहरू भएका छन् । युद्धको मोर्चामा नहारेको आन्दोलनलाई त्यसको नेतृत्वबाटै टेबुलको मोर्चामा ल्याएर बिसाउने काम भएको छ। जसकारण क्रान्तिकारी आन्दोलनमा ठूल्लो धक्का लागेको छ । उत्पीडित जनताका अधिकारहरू कटौती गर्ने ठूला षड्यन्त्रहरू भइरहेका छन् ।

अर्कोतिर महिला अधिकारकै नाममा साम्राज्यवादी डलरको खेती मौलाएको छ । विशुद्ध नारीवादी आन्दोलनको नारा दिएर महिलाहरूलाई सामान्य सुधारका गुलिया नारा दिएर वास्तविक महिला मुक्तिको आन्दोलनबाट विमूख बनाउने ठूलो षड्यन्त्रस्वरूप नारीवादी आन्दोलनको नाउँमा ठूलो धनराशीको खेलो भएको छ ।

राजनीतिक सत्तामा महिलाहरूलाई 'हात्तीको देखाउने दाँतझैं' देखाएर आम महिलाहरूमाथि झन् धेरै शोषण गर्ने खतरा बढेर गएको छ । आज क्रान्तिकारी महिलाहरूले यी नकारात्मक परिस्थितिको सामना गर्नुको अर्को वकल्प छैन । राजनीतिक रूपमा आम उत्पीडित जनता सत्ताको मालिक हुने नयाँ जनवादी व्यवस्थामा मात्र आम महिलाहरूको मुक्तिको ढोका खुल्नेछ भन्ने सैद्धान्तिक मान्यतालाई स्थापित गर्नु आजको आवश्यकता बनेको छ ।

***क्रान्तिकारी महिला आन्दोलनमा देखापरेका टुट, फुट, विभाजन, पलायनता र निष्क्रियतालाई कसरी हेर्नु भएको छ ?***

१९ दिने जनआन्दोलनको उत्कर्षसम्म आइपुग्न सिंगो देश सामन्तवादी साङ्लो तोड्नका लागि एकै ठाउँमा केन्द्रित भएको थियो । जबसम्म आन्दोलनमा देश र जनताप्रति नेताहरूको निष्ठा, समर्पण र त्यागको भावना प्रभावी बनिरहन्छ, त्यतिबेला जनताले आफ्नो सबै कुरा समर्पण गर्दोरहेछ । तर जब नेतृत्वमा व्यक्तिवादी विचलनहरू आउँछ, तब आन्दोलनहरू विघटन हुन पुग्दछन् । नेतृत्वमा समस्याहरूसँग जुध्ने इच्छाशक्तिमा ह्रास आएपछि परिस्थितिअनुसार विचारमा आफूलाई माथि उठाउनुको सट्टा तलतल गिर्दै गएपछि संसारका जतिसुकै ठूला आन्दोलनहरू पनि टुटफुट, विभाजन हुँदै बिसर्जनमा पुगेर टुंगिएका छन् । नेपालको सन्दर्भमा हिजो त्याग, समर्पण र बलिदानको जगबाट उठेका नेताहरूमा आज व्यक्तिगत लाभको भावना प्रभावी बनेको छ । यो अवस्थामा स्वाभाविक रूपमा आन्दोलनमा टुटफुट र विभाजनको स्थिति पैदा हुन पुगेको छ । आज प्रतिक्रियावादी सत्तामा सामान्य सुधार गर्दै सत्तामा आफ्नो व्यक्तिगत 'पोजिसन' खोज्दै हिंड्नेको लाभ एकातिर छ भने महिलाहरूको जीवनमा आमूल परिवर्तनका खातिर निरन्तर लागिरहेको हिस्सा अर्कोतिर छ। आन्दोलनमा वैचारिक रूपमा जब दक्षिणपन्थी संशोधनवादी धारा हावी हुँदै गयो, आधारभूत जनताका समस्याप्रति नेतृत्व उदासिन हुँदै गयो, त्यसले संगठनमा टुटफुटको अवस्था सृजना गऱ्यो। आन्दोलनमा नेताहरूले जनतासामु गरेका बाचाहरू छोड्दै गएको दृश्यले कार्यकर्तामा मात्र होइन आम जनतामा ठूलो निराशाको स्थिति पैदा भएको छ। निराशा मात्र होइन, यसले ठूलो अविश्वास र आशंका पनि जन्माइदिएको छ । जसले केही पलायनता र निस्क्रियता पनि पैदा भएको छ।

***दक्षिणपन्थी तथा वामपन्थी अवसरवाद र संशोधनवादको प्रभावमा/भ्रममा परेका महिलाहरूलाई फेरि क्रान्तिकारी आन्दोलनमा ध्रुवीकरण गराउन सकिने संभावना कस्तो देख्नुभएको छ ?***

आन्दोलनमा विघटन र ध्रुवीकरणको कुरा विविध ढंगले हुने गरेका छन् । आज लगभग जनताले पनि महसुस गर्ने गरी नेकपा (माके) विचार, सिद्धान्त केही होइन, जुनसुकै मूल्यमा सत्तामा टिकिरहनुपर्छ भन्ने मानसिकताबाट ग्रसित छ । सत्तामा टिक्नका लागि सबैखाले प्राकृतिक/अप्राकृतिक गठबन्धन गर्न तयार छ । उसका हरेक गतिविधिले अब माके पार्टी कुनै पनि सिद्धान्त र विचारको कुरा गर्नेलाई रुढीवादी देख्दछ। यस्तो सैद्धान्तिक आलोकबाट निर्देशित अनेमसंघ (क्रान्तिकारी)को ध्रुवीकरण नजानिंदो ढंगले सत्तासिन पार्टीहरूमा महिलाहरू संगठनहरूसँग नजिकिंदै गएको देखिन्छ। यस्ता अवस्थामा ध्रुवीकरणको नाउमा सिद्धान्तहीन झुण्डहरूको थुप्रो खडा गर्नुको के औचित्य रहन्छ र ? अन्य संगठनहरूसँग पनि अहिले तत्कालै त त्यस्तो देखिंदैन । कतिपय साझा मुद्दाहरूमा सँगै जाने सम्भावनाहरू छन् । संगठनात्मक रूपमा ध्रुवीकरणको तत्काल सम्भावना देखिंदैन ।

***आजको महिला मुक्ति आन्दोलनका समस्यालाई संक्षिप्तमा केलाईदिनुस न।***

आज क्रान्तिकारी महिला आन्दोलन उठाउनका निम्ति हाम्रा सामु निकै ठूला चुनौतीहरू छन्। मैले अघि पनि भनिसकें कि सबभन्दा ठूलो चुनौती भनेको आफैले नेतृत्व गरेको विचार र संगठनलाई एकातिर छोडेर महिला नेताहरू जसरी यो वा त्यो ढंगले यथास्थितिको पक्षपोषण गरिरहनु भएको छ, उहाँहरूमा पैदा भएको वैचारिक विचलनले पैदा गरेका प्रश्नहरूको सही जवाफ खोज्नु र नयाँ ढंगले महिला आन्दोलन संगठित गर्नु आजको प्रमुख चुनौती हो । यसले आन्दोलनमा ठूलो अविश्वासको वातावरण पैदा गरिदिएका छ । अर्कोतिर नारीवादी अभियानकर्ताहरूले सृजना गरेको सुधारवादी भ्रम छ । यो पनि निकै बलियो समस्या हा । महिलाहरू आज पनि आर्थिक रूपमा परनिर्भरतामा बाँचिरहनु परेको छ । हिजोको पुरानो पुस्तामा मात्र होइन आजको नयाँ पुस्तामा यथार्थवादी दार्शनिक शिक्षाभन्दा अध्यात्मकवादी दृष्टिकोण र शिक्षा हामी छ । चेतना, शिक्षा र अवसरहरूको परिचालन क्षमताको कमीका कारण सम्पत्तिमा पहुँच राख्ने महिलाहरूले सम्पत्ति सदुपयोगभन्दा दुरूपयोग गरिरहेको अवस्था छ । हिजो वर्गसंघर्षले व्यवस्थापनको समाधान गरेकाले हजारौं महिलाहरू पारिवारिक र सामाजिक बन्धनहरू तोडेर मैदानमा उत्रिएका थिए, आज त्यो अवस्था कमजोर बन्न पुगेको छ । यी हाम्रा सामु उपस्थित समस्याहरू छन् ।

***उल्लेखित समस्या समाधानका लागि क्रान्तिकारी महिला आन्दोलनको दिशा कस्तो हुन जरुरी छ ?***

माथि उल्लेखित समस्याहरूको समाधानका लागि सबैभन्दा पहिला मार्क्सवाद, लेनिनवाद र माओवादको वैचारिक आलोकमा महिलाहरूलाई संगठित गर्नु । महिलाहरूलाई सबैभन्दा पहिला दृष्टिकोणका हिसाबले यथार्थवादी वैज्ञानिक दर्शनको आलोकमा शिक्षित तुल्याउने कामलाई व्यापक बनाउनु पर्दछ । सर्वहारावर्गीय विचारले लैस भएको पार्टीको वैचारिक/राजनीतिक नेतृत्वमा आम महिलाहरूलाई गोलबन्द गर्नुपर्दछ । महिला मुक्ति आन्दोनलाई सबै उत्पीडित समुदायसँग एकाकार बनाएर अघि बढाउनुपर्दछ । सामन्तवादका अवशेषहरू र साम्राज्यवादी हस्तक्षेपका विरुद्ध आम महिलाहरूलाई गोलबद्ध गर्नु आवश्यक छ। सबैखाले वैचारिक विचलनहरूलाई परास्त गरी नयाँ जनवादी आन्दोनलमा आम महिलाहरूलाई संगठित गर्न जरुरी छ । यी हाम्रा दीर्घकालीन रूपमा अघि बढ्ने दिशा हुन् ।

***आजको यस स्थितिमा एजेण्डा मिल्ने पहिलाको संगठनहरूवीच कार्यगत एकता, तथा सहकार्य सहित संयुक्त संघर्षको संभावना कस्तो देख्नुभएको छ ?***

महिलाहरूका तत्कालीन र साझा मुद्दाहरूमा अन्य जुनसुकै संगठनहरूसँग पनि कार्यगत एकता हुनसक्छ । हामीले उठाएका मुद्दाहरूमा सहमत हुने या तत्कालीन साझा मुद्दा भयो भने संयुक्त संघर्ष दिनसक्ने सम्भावना छ ।

***हजारौं लाखौं युवायुवती विदेश पलायन भइरहेका छन् । उनीहरूलाई रोक्न र युवा पुस्तालाई क्रान्तिकारी आन्दोलनमा जोड्नेबारे के कस्ता योजना बनाउनु भएको छ ?***

नेपालको उत्पादनका निम्ति योग्य युवाशक्ति जसरी विदेश पलायन भएको छ, यसले आज गाउँ खाली भएको छ। यसको मुख्य कारण सरकारले आफ्ना नागरिकहरूलाई देशभित्रै रोजगारीको वातावरण दिन सकिरहेको छैन । उत्पादनका नयाँ सम्भावना खोल्नेभन्दा देश दलाल पुँजीले खोक्रो बनेको छ। युवाहरूलाई पलायन हुनबाट रोक्ने भनेको एउटा उत्पादनको क्षेत्र विकास गरेर हो। अर्को त्यसको भावी सम्भाव्यताका खातिर उठाइएको वर्गसंघर्ष हो। आज यी दुवै नरहेको अवस्था छ । यो अवस्थामा देशभित्र रहेर या बाहिर गएर पनि परिवर्तनका खातिर उहाँहरूले गर्न सक्ने के रहन्छ र, त्यसको लागि संगठनले छलफल चलाइरहेको छ ।

***अन्तमा, छुटेका केहि विषय छन् भने उल्लेख गरिदिनुस् न।***

मेरा आफ्ना भनाइहरू राख्ने मौका दिनुभएकोमा वर्गदृष्टि साप्ताहिकलाई धन्यवाद । वर्गदृष्टि सँधैं उत्पीडितहरूको पक्षमा उभिइरहोस्, शुभकामना दिन चाहन्छु ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# किन असफल भयो स्ववियु निर्वाचन ?



◆ राम नेपाली

**विद्यार्थी आन्दोलन र स्वयियुबारे**

नेपालको राजनीतिक संघर्ष विद्यार्थीहरूले नै सुरु गरेका हुन् । विद्यार्थीहरू नै देशका सचेत र शिक्षित समुदाय भएकाले उनीहरूलाई नै देश विदेशको परिवेश थाहा हन्छ र सोही अनुरूप आफ्नो देश पनि परिवर्तित एवं विकसित होस् भन्ने चाहन्छन् । परिवर्तन र विकासमा अवरोध देखिएमा त्यसको प्रतिरोधका निम्ति विद्यार्थीहरूले नै अग्र भागमा रहेर संघर्ष गर्दछन् । नेपालको राजनीतिक परिवर्तनको एतिहासमा विद्यार्थीहरू कही कतै पनि र कसैसँग पनि हारेनन्, झुकेनन् । बरु मृत्युवरण स्विकारे र अमर रहिरहे । विद्यार्थी आन्दोलनको यही विरासतको कारण राणाकाल, पञ्चायतकाल वा जनयुद्धकाल कहिल्यै पनि उनीहरूमाथि प्रतिबन्द लगाएनन् वा प्रतिबन्ध लगाउन सकेनन् । त्यही विरासतको एउटा संस्था हो स्वतन्त्र विद्यार्थी युनियन । वि.स. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भई देशका मुख्य शहरहरूमा आंगिक क्याम्पसहरू खुलेदेखि नै विद्यार्थी काउन्सील र स्ववियुको माग हुदै आएको हो । राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाइएको पञ्चायतकालमा विद्यार्थी संगठनहरू सक्रिय थिए र एक खालको स्ववियुको व्यवस्था थियो । २०३५/०३६ सालको विद्यार्थी आन्दोलनले स्ववियुलाई वैधानिक र विद्यार्थीको हितमा काम गर्ने शक्तिशाली संस्थाको रूपमा विकसित गरायो । त्यस पश्चात त्रिवि र नेपाल संस्कृत विश्वविद्यालयले २/२ वर्षको अन्तरालमा स्ववियुको चुनाव गराउनु पर्ने बाध्यकारी व्यवस्था भयो ।

स्वतन्त्र विद्यार्थी युनियन आम विद्यार्थीहरूको साझा संस्थाको रूपमा स्थापित त भयो । तर केही विद्यार्थी नेता तथा संगठनहरूले यसलाई दुर्पोयोग गरी बदनाम गर्ने कोशिष गरे । खास गरी निष्पक्ष रूपमा आम विद्यार्थीहरूको हितमा काम गर्ने भन्दा पनि आफु निकट र आफ्नो संगठन निकटको विद्यार्थीहरूको मात्र काम गर्ने, अन्य संगठन र त्यससँग आवद्ध विद्यार्थीहरूलाई निषेध गर्नेसम्मको हर्कतहरू हुर्किदै गयो । त्यति मात्र होइन क्याम्पस प्रशासनसँग मिलेर आर्थिक अपचलन गर्ने, ठेक्कापट्टामा नाजायज मिलेमतो गरी कमाउ धन्दा गर्ने जस्ता संस्कारको विकास हुदै गयो । जसको कारण स्वयियुको पुनर्संरचनाको माग हुन थाल्यो ।

नेपालको विद्यार्थी आन्दोलनमा अनेरास्ववियु (क्रान्तिकारी) को उदय पश्चात स्ववियुको पुनर्संरचनाको विषय आम विद्यार्थीहरूको विषय बन्न पुग्यो । फलस्वरूप निष्पक्ष र भ्रष्टाचारमुक्त स्ववियु, २८ वर्षे उमेर हदबन्दी, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लगाएतका स्ववियु सम्बन्धी मुद्धाहरू स्थापित भयो र एक हदसम्म लागुहुने चरणमा पनि पुग्यो ।

पछिल्लो पटक २०६५ सालमा स्वयियुको चुनाव भएको थियो । त्यस पश्चात चुनाव हुन सकेको थिएन । ६५ सालको चुनावमा मिश्रित निर्वाचन प्रणाली अपनाइएको थियो भने उमेर हदबन्दी लागु हुन सकेको थिएन । त्रिविले यस पटक मिश्रित निर्वाचन प्रणालीसहित उमेर हदबन्दी पनि लागु गर्ने गरी फाल्गुन १४ गते स्ववियु निर्वाचनको मिति घोषणा गरी माघ १४ गते निर्वाचन आचारसंहिता र कार्यतालिका पनि सार्वजनिक गर्‍यो । चुनाव हुन कुरा लगभग निश्चित भयो । हाम्रो संगठन अखिल (क्रान्तिकारी) पनि सोहि मितिमा निर्वाचनमा भाग लिन तयार भयो । तर पछि विविध कारणले स्ववियु चुनाव १८ गते गर्ने गरी सारियो ।

त्रिवि १८ गतेको निर्वाचन जसरी पनि सम्पन्न गराउने हिसाबले अघि त बढ्यो । तर बीचमा उत्पन्न भएका समस्याहरूको हल दिन सकेन । समस्या तथा विमतीहरूलाई यथावत् राखेर १८ गते




तोकेको मितिमा निर्वाचनको नाटक गरियो र त्यसको परिणाम त्यस्तै आयो । त्रिवि कै तथ्यांकलाई मान्ने हो भने पनि जम्मा ४० प्रतिशत क्याम्पसहरूमा मात्र चुनाव सम्पन्न भयो । देशभरीका सामरिक महत्व राख्ने ६० वटा आंगिक क्याम्पसहरू मध्येमा जम्मा १३ वटामा चुनाव भयो । त्रिवि केन्द्रीय क्याम्पसदेखि राजधानीका अमृत साइन्स, त्रिचन्द्र, पद्मकन्या, रत्नराज्य, शंकरदेव, ल, मिनभवन, पशुपति, ताहाचल, पाटनसंयुक्त लगायतका क्याम्पसहरूमा कतै पनि चुनाव हुन सकेन । यस पटकको स्ववियु चुनाव भयो तर असफल रह्यो । यो असफलता मुख्य रूपमा त्रिवि र तीन संसदवादी संगठनको हो । त्यसपछि अन्यको ।

**स्ववियु चुनावको असफलताका कारणहरू**

१) **तोकिएको मितिमा चुनाव हुन नसक्नु**

स्ववियु चुनावको मिति नजिकिदै जादा विद्यार्थी संगठनहरूले बाहिरी रूपमा प्रचार प्रसारहरू बढाइरहेता पनि भित्रि रूपमा आफ्नो संगठनको जितको अवस्थाहरूको आकल गरिरहेका थिए । आफ्नो संगठनको जितको सुनिश्चितता नदेखेपछि सबै संगठनहरू चुनाव भाड्ने भित्रि रणनीतिमा थिए । उमेर हदबन्दी नमान्ने नेविसंघको एउटा खेमाले त चुनाव हुन नदिन क्याम्पसहरूमा तालाबन्दी सुरु गरिसकेको थियो । पूर्व घोषित पार्टीको महाधिवेशन नजिकै वित्रिले स्ववियुको मिति तोकिकेको भन्दै तत्कालिन नेकपा (माओवादी) र राप्रपा निकट विद्यार्थी संगठनहरूले मिति सार्न माग राख्दै आएका थिए । त्यही उपयुक्त निहु र अन्य संगठनहरूको उक्साहटमा नेकपा (माओवादी) निकट अखिल (क्रान्तिकारी) ले चुनाव नजिकै आएर क्याम्पसहरूमा तालाबन्दी गर्दै त्रिविको शिक्षाध्यक्ष सुधा त्रिपाठीको गाडीमा आगजनी समेत गरे । यिनै दृष्य र अदृष्य कारणहरूको योगफलमा त्रिविले स्ववियुको चुनावको मिति फाल्गुन १८ गतेलाई सार्‍यो र कार्यतालिकामा पनि हेरफेर गर्‍यो । चुनावको अनिश्चितता यहीबाट सुरु भएको थियो ।

२) **त्रिविको अदुरदर्शीता र तीन संगठनीय सिन्डीकेटलाई हावी गराउनु**

स्ववियु निर्वाचन गराउनको लागि त्रिविले लिएको पहलकदमी सकारात्मक थियो । उसले सबै क्रियाशिल विद्यार्थी संगठनहरूलाई विश्वास र सहमतिमा लिनु पर्थ्यो । त्यसमा त्रिवि चुक्यो । विभिन्न संगठनहरूले एकल वा सामुहिक रूपमा विमति, माग र सुझाबहरू विधिवत् ढंगबाटै प्रस्तुत गर्दै आइरहेका थिए । तर त्रिविले अन्य संगठनहरूका जायज माग र विमतिहरूलाई समयमै सम्बोधन गर्न चाहेन । खास गरी त्रिविले संसदवादी तीन दल निकटका विद्यार्थी संठनहरूलाई मात्र मनाउने र उनीहरूले भनेको मात्र मान्ने रबैया अपनायो । त्रिविले औपचारिक (सिनेट) र अनौपचारिक बैठकहरू संसदवादी तीन दल र तीनैका विद्यार्थी संगठनहरूसँग मात्र गर्ने धृढता अपनायो । जसका कारण अन्य विद्यार्थी संगठनहरू त्रिविसग चिढिए र चुनावलाई असहयोग गर्नेतिर लागे ।

३) “**जित्ने ठाउँमा गरौं, हार्ने ठाउँमा भाडौं**” **प्रवृत्ति**

औपचारिक र बाहिरी रूपमा सबै संगठनहरूले स्ववियु निर्वाचन जसरी पनि गर्नु पर्छ भन्दै आए । चुनाव गराउन त्रिवि अघि बढेपछि बाहिरी रूपमा सबै संगठनले स्वागत गरे र चुनावी महौल बनाउन प्रचारबाजीको ढोङ पनि पिटे । तर सबैको भित्री नारा रह्यो- “जित्ने ठाउमा गरौं हार्ने ठाउमा भाडौं” । जसको गतिलो उदाहरण रत्नराज्य क्याम्पस प्रदर्शनीमार्गलाई लिन सकिन्छ । त्यहा २३ गते हुन खोजेको चुनाव पनि भाडियो । त्यहा सधै एमाले अखिलले जित्दै आएको र यसपालि पनि उनीहरूले जित्ने दावा गरेको । नेविसंघ र माके क्रान्तिकारीले आफ्नो जीत सुनिश्चित नदेखेर राज्य सत्ताको चरम दुरूपयोग गरी सुरक्षा निकायको बलमा तोकिएको र सबै तयारी पुरा भैसकेको निर्वाचन पनि हुन दिएनन् ।

४) **आचारसंहिताको उलङ्घन**

त्रिविले माघ १४ गते चुनावको कार्यतालिका प्रकाशित गर्‍यो । त्यस पश्चात चुनावको आचारसंहिता लागु भयो । आचारसंहिताले स्ववियु निर्वाचन हुने क्याम्पसहरूको हाता भित्र र बाहिर भित्ते लेखन गर्न नपाइने । पहिलेको पनि मेटाउनु पर्ने । व्यानर र रंगिन तथा भद्धा पर्चाहरू टास्न, चुनावी सभाहरू गर्न, आदिमा रोक लगाएको थियो । ती संहिताहरू पालना भएनन् । साख गरी पैसावाला संगठनहरूले पालना गुरुनन् । माके निकट अखिल (क्रान्तिकारी) ले नेपाल कमर्श क्याम्पस मिनभवनमा अर्थमन्त्री कृष्ण बहादुर महराको उपस्थितिमा चुनावीसभाको आयोजना गर्‍यो । विभिन्न विरोधको वावजुद महरा आउन त सकेन तर पनि पार्टीका अन्य नेताको उपस्थितिमा चुनावीसभा भयो । त्यसैको आक्रोस स्वरूप सभा भएको राति क्याम्पसको लेखा शाखामा आगजनी भयो र भोलि पल्टदेखि त्यहा तालाबन्दी भयो । चुनाव हुन सकेन ।

त्यसै गरी शंकरदेव क्याम्पसमा नेविसंघले मन्त्री प्रकाश शरण महतको उपस्थितिमा चुनावीसभा गरे । त्यसैको विरोधमा अरु संगठनले त्यहा तालाबन्दी गरे र चुनाव भाडियो ।

यसरी त्रिविले कडाइका साथ आचारसंहिता लागु गराउन र मिच्नेलाई कारवाही गर्न चुक्यो र स्ववियु चुनाव असफल हुने मुख्य कारण बन्यो ।

५) **एकमुष्ठ तथा फर्जी भर्ना**

एकमुष्ठ र फर्जी विद्यार्थी भर्ना गर्ने गलत अभ्यासले स्ववियुको गरिमा घटाउदै आएको थियो । २०७० सालको स्ववियु चुनाव अन्तिममा आएर रोकिनुको प्रमुख कारण पनि यही थियो । यस बारेमा त्रिवि र विद्यार्थी संगठनहरू ज्ञात नै थिए । आचारसंहिताले पनि यसलाई नकारेको थियो । कार्यतालिका प्रकाशित भएपछि विद्यार्थी भर्ना गर्न नपाइने कुरामा पनि सबै पक्ष्लाई स्पष्टै थियो । तर त्यो पुरानो रोग नया शैलीमा क्रोनिक भएर आयो । यो क्रोनिक रोग नेविसंघको र एमाले अखिलको थियो । यस पटक माके निकट अखिललाई बढी लाग्यो । एकमुष्ठ भर्ना, फर्जी विद्यार्थी भर्ना, उधारो भर्ना, रु. ५०० मात्र तिरेर भर्ना, राति पनि भर्ना, क्याम्पसको लेखाशाखा नै घरमा राखेर पनि भर्ना, यस्तै यस्तै प्रतिष्पर्धा चल्लो । हाम्रो संगठन लगायतले यसको विरुद्ध त्रिविलाई छानविन र कारवाहीको लागि औपचारिक माग गर्‍यो । त्रिविले सुनेन, टेरेन । हामी बाध्य भयौं । तालाबन्दी थपियो ।

६) मधेशी संगठनहरूको बहिष्कार

सारकारले स्थानिय निर्वानको मिति घोषणा गरेपछि मधेश केन्द्रीत दलहरूसँग आवद्ध विद्यार्थी संगठनहरूले स्ववियु निर्वाचनमा भाग नलिने घोषणा गर्‍यो र उनीहरू पनि चुनाव भाड्ने नीतिमा अघि बढे । उनीहरूकै कारण तराई मधेशका क्याम्पसहरूमा चुनाव हुन सकेन ।

७) अन्य कारणहरू पनि

पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गराउनु पर्छ भन्ने माग पनि थियो । सामुदायिक कलेजहरूमा कक्षा ११ र १२ का विद्यार्थीहरूले पनि मतदान गर्न पाउनु पर्छ भन्ने माग पनि थियो । स्ववियु चुनाव जिते पनि नियमित शैक्षिक अवधि सकिएपछि पदावधि पनि समाप्त हुने नीतिको विरोधहरू पनि थिए । यी विषयहरूको उचित सम्बोधन नहुदा स्ववियु निर्वाचन असफल हुने कारणहरू थपिएका थिए ।

*(लेखक नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)का नेता हुन् ।)*

## संक्षिप्त समाचार

### करिब साढे पाँच लाखले दिए एसईई परीक्षा

काठमाडौं । यसपटकको माध्यमिक शिक्षा परीक्षा अर्थात् सेकेन्डरी एजुकेसन एक्जाम (एसईई) मा देशभरबाट दुई लाख ५९ हजार सात सय ३२ छात्र र दुई लाख ७८ हजार चार सय ५० छात्रा गरी कुल पाँच लाख ३८ हजार एक सय ८२ परीक्षार्थी सहभागी भएका छन् । परीक्षाका लागि देशभर कुल एक हजार नौ सय २३ केन्द्र निर्धारण गरिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । परीक्षाका लागि काठमाडौमा सबैभन्दा बढी ९६ वटा र मनाङ र मुस्ताङमा एक/एक वटा केन्द्र तोकिएको छ भने देशैभर गरेर एक हजार नौ सय २३ केन्द्राध्यक्ष, दुई हजार ६ सय ४६ सहायक केन्द्रध्यक्ष, २२ हजार चार सय ६१ निरीक्षक, सहयोगी र सुरक्षाकर्मीसहित ६७ हजार पाँच सय ९१ जनशक्ति खटाइएको पनिका स्रोतले जनाएको छ ।

### प्रतिरोध दिवसमा कविता गोष्ठी

चितवन । इच्छुक साँस्कृतिक प्रतिष्ठानको आयोजनामा चितवनमा साँस्कृति प्रतिरोध दिवसको अवसर पारेर ‘अन्तरक्रियात्मक कार्यक्रम तथा कविता गोष्ठीको आयोजना गरेको छ । क्रान्तिकारी कवि, साहित्यकार, कलाकारहरूको बाक्लो जमघट रहेको थियो । चितवनको सौराहामा भएको कार्यक्रमको अध्यक्षता इच्छुक प्रतिष्ठानका अध्यक्ष इश्वरचन्द्र ज्ञावालीले गरेका थिए भने सञ्चालन प्रा.डा.जगदिश चन्द्र भण्डारीले गरेका थिए ।

## मुलुकको...

नेपाल सरकारले त्यसका बिरोधमा चुँसम्म गर्न नसक्नुले हाम्रो देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता कुन अवस्थामा पुगेको रहेछ भन्ने कुरा छर्लंग भएको छ र यो गठबन्धन सरकार भारतको कठपुतली हो भन्ने कुराको पुनः पुष्टि भएको छ । राजबिराजमा नेपाल सरकारको प्रहरीले दिन दहाडै चलाएको गोलीबाट पाँच जना नेपालीको ज्यान जानुले कथित लोकतन्त्रको पोल पनि खुलेको छ र यो सरकारलाई जनहत्याको कलंक लागेको छ । भर्खरै एन्सेल कम्पनीलाई राजस्व छुट दिने किसिमको निर्णयले भ्रष्टाचारमा यो सरकार कसरी चुर्लुम्म डुबेको छ भन्ने कुरा पुनः स्पष्ट भएको छ । महाभुकम्प पीडितको स्थिति कति नाजुक छ भन्ने कुरा दिनदिनैका समाचारमा आइनै रहेका छन् ।

यी सबै समस्या र बिकृतिको समाधान पट्टि लाग्नुपर्ने वर्तमान अवस्थामा यो सरकारले २०७४ साल बैसाख ३१ गतेका लागि स्थानीय निर्वाचनको घोषणा गरेको छ । यो राज्यसत्ता पश्चगामी छ र जारी गरिएको संविधान पनि पश्चगामी नै छ । यो संविधानले स्वीकारेको संघीयतासंग मिल्दो किसिमको निर्वाचन त हुनु पर्दथ्यो । तर, त्यो नभएर प्रदेशको टुंगो नलाग्दै पहिले स्थानीय निर्वाचन गर्ने निर्णयले संघीयता समाप्त हुने स्पष्ट देखिन्छ ।

एउटा पश्चगामी व्यवस्थाअन्तर्गतका निर्वाचनलाई उपयोग वा बहिष्कार गर्ने कुरा कार्यनीतिको विषय हो । राष्ट्र, जनता र क्रान्तिका लागि जे गर्दा सहि हुन्छ क्रान्तिकारीले त्यही निर्णय गर्दछन् । त्यो कुरा त्यतिखेरको परिस्थितिमा निर्भर हुन्छ । विद्यमान् अवस्थामा यो सरकारले आयोजना गरेको निर्वाचनको कुनै औचित्यता छैन । त्यसकारण, हाम्रो क्रान्तिकारी संयुक्त मोर्चा देशका सबै सच्चा देशभक्त, जनगणतन्त्रवादीहरूसंग मिल्न सक्ने विषयमा संयुक्त मोर्चा वा कार्यगत एकता गर्दै संयुक्त संघर्षमा अघि बढ्नका लागि हार्दिक एवम् जोडदार आह्वान् गर्दछ । परिस्थितिमा आउने परिवर्तनसंग संगै अघि बढ्नका लागि तयारीमा जुट्न समेत हाम्रो मोर्चा आह्वान गर्दछ ।”

## चुनाव...

बढाउन इच्छुक देखिएको छैन । मधेसी मोर्चा भने संशोधनपछि मात्रै निर्वाचनमा सहभागी हुने अडानमा रहेको छ । संविधानको स्वीकार्यता बढाउने र स्थानीय निर्वाचन गर्ने दुई प्रमुख कार्यसूची लिएर सकारको नेतृत्वमा आएका माके अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका लागि भने निर्वाचन नै जीवनमरणको सवाल बनेको छ । सोही कारण उनी २ नम्बर प्रदेशलाई छाडेर २ चरणमा भएपनि निर्वाचन गराउने अडानमा छन् भने सत्तारुढ काँग्रेसले एकै चरणमा निर्वाचन गर्नुपर्ने बताउँदै आएको छ । दुई नम्बर प्रदेशमा आफ्नो बलियो पकड रहेको निश्कर्षमा छ ।

संविधान संशोधन प्रस्ताव पारित नहुने सार्वजनिक अभिव्यक्ति समेत दिइसकेका प्रधानमन्त्री प्रचण्ड चुनावी तयारीबारे निर्वाचन आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूसँग नियमति संवादमा छन् । आगामी माघभित्र तीन वटै तहका निर्वाचन सम्पन्न गर्न नसके संविधान कार्यान्वयनमा समेत बाधा उत्पन्न भई असफल हुने भएकाले पनि उनी जसरी पनि निर्वाचन गराउने पक्षमा देखिएका छन् ।

पछिल्लो समयमा सत्तारुढ दलहरूबीच देखिएको यो विवादले निर्वाचन पहिला कि संविधान संशोधन पहिला भन्ने बहस उत्पन्न भएको छ । प्रमुख प्रतिपक्षी दल समस्या समाधानमा गम्भीर देखिएको छैन । उसले देशको वर्तनमा गम्भीर परिस्थितिलाई ख्यालै नगरीकन चुनाव रोक्नै नहुने र रोकेमा त्यो पश्चगामी हुने टिप्पणी गर्दै आएको छ ।

एमालेले तराईमा मधेसी मोर्चा लत्रिएर निर्वाचनमा आउनुपर्ने आशय व्यक्त गर्दै आएको छ । जसलाई मधेसी मोर्चाका नेताले गम्भीर रूपमा लिएका छन् । मोर्चाका नेताहरूले संविधान संशोधन र सीमांकन हेरफेर बिना गरिने निर्वाचन हुनै नदिने अड्डी कसेका कारण समस्या जटिल बनाइदिएको छ ।

प्रधानमन्त्री प्रचण्ड भने अब संविधान संशोधन प्रस्ताव अघि नबढाउने र मोर्चा सहभागी नभए दुई चरणमा भएपनि पेलेरै निर्वाचन गराउने अडानमा देखिएका छन् । यस्तो अवस्थामा पहिलो चरणमा सबैतिर निर्वाचन गराएर दोस्रो चरणमा दुई नम्बर प्रदेशमा निर्वाचन गराउने उनको योजना छ ।

सत्तारुढ नेपाली काँग्रेस भने त्यसको ठीक विपक्षमा उभिएको छ । काँग्रेसको केन्द्रीय समिति सांसदको संयुक्त बैठकले नै संविधान संशोधन प्रस्ताव अघि बढाउने निर्णय नै गरेको छ । यसबारेमा नेपाली काँग्रेसले छिट्टै संस्थागत निर्णय गर्ने तयारी गरेको छ ।

काँग्रेस सभापति शेरबहादुर देउवा दुई नम्बर प्रदेशमा पनि एकैपटक निर्वाचन गराउनुपर्ने पक्षमा छन् । अहिलेको प्रचण्ड नेतृत्वको सरकार गठन हुँदा नै भावी प्रधानमन्त्रीका रूपमा देखिएका देउवा मधेसी मोर्चालाई समेत संगै लिएर जाने सोचमा छन् । त्यसो गर्दा भावी प्रधानमन्त्रीका लागि मोर्चाको साथ आफूलाई हुने उनको विश्वास छ । चुनाव र संविधान संशोधनका लागि एमाले, मोर्चा र राप्रपा बाधक रहेको काँग्रेसका केही नेताको बुझाई छ ।

यता भर्खरै सरकारमा सामेल भएको राप्रपाको भने संविधान संशोधन र निर्वाचनबारे फरक धारणा छ । राप्रपाले सुरुदेखि नै संविधान संशोधनको विपक्षमा आवाज उठाउँदै आएको छ । चुनावको मिति घोषणा गरिसकेपछि सरकारमा सामेल भएका राप्रपा अध्यक्ष कमल थापा संशोधन नगर्न आफूले राख्दै आएको अडानलाई जोगाउँदै निर्वाचनमा गएर प्रभाव जमाउने सोचमा छन् । उनले अहिले पनि मोर्चाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा मोर्चा र सरकारको अन्तरविरोधको फाइदा उठाउँदै उपप्रधान र स्थानीय विकास मन्त्रालय सहित सरकारमा सामेल भए । स्थानीय विकास मन्त्रालयसमेत आफ्नो भागमा परेका बेला हुन लागेको स्थानीय तहको निर्वाचनमा मौका नगुमाउने उनको रणनीति छ । मधेसी मोर्चाको विरोधका बाबजुद तराईका केही जिल्लामा मेची-महाकाली अभियान सञ्चालनका नाममा ठूला सभाको आयोजना गरेको एमाले भने आफ्नो अडानबाट तलमाथि भएको छैन । उसले संशोधन विधेयक विधेयक अनुचित, अनावश्यक, असंवैधानिक र राष्ट्रघाती भएको आरोप लगाउँदै यसलाई पारित हुन नदिने अडान राख्दै आएको छ ।

एमालेले संविधान संशोधनविना नै निर्वाचन हुने अवस्था रहेका कारकण संशोधन बिना निर्वाचन नहुने भनाईलाई हानिकारक र अर्थहीन भएको आरोप लगाउँदै आएको छ । यसले देशमा अनावश्यक राजनीतिक विवाद सिर्जना हुने उसको ठम्याई छ । सप्तरी घटनाका कारण एमालेसँग झनै रुष्ट बनेको मधेसी मोर्चा सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेपनि एमालेसँग सहकार्य गर्न सक्ने अवस्थामा छैन । मधेसी मोर्चालाई प्रधानमन्त्री प्रचण्डले सिंहदरवारमा नै बोलाएर निर्वाचनमा सहभागी हुन गरेको आग्रहलाई ठाडै अस्वीकार गरेको थियो ।

मोर्चाले तत्काल सीमांकनबाहेक भएपनि संविधान संशोधन गर्नुपर्ने प्रधानमन्त्रीको भनाईलाई मोर्चा नेताले अस्वीकार गर्दै आएका छन् ।

सरकारमा सहभागी दलहरू, प्रमुख प्रतिपक्षी एमाले र मधेसी मोर्चाबीच नै संविधान संशोधनसहितका विषयमा देखिएको असहमतिका कारण आगामी बैशाख ३१ का लागि गरिएको निर्वाचनको मिति घोषणा औचित्यहीन बन्ने खतरा बढेर गएको छ ।

# यस्तो हुनुपर्छ कम्युनिष्ट पार्टीको प्रारम्भिक संगठनका कार्यभारहरू

चिनियाँ कम्युनिष्ट पार्टीको विधानले पार्टीका प्रारम्भिक संगठनका प्रमुख कामहरूलाई निम्नानुसार परिभाषित गरेको छ ।

**१. 'पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई निष्ठापूर्वक मार्क्सवाद–लेनिनवाद–माओत्सेतुङ विचारधारा अध्ययन गर्न र संशोधनवादको आलोचना गर्न नेतृत्व गर्ने'**

पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई निष्ठापूर्वक मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारा अध्ययन गर्न र संशोधनवादको आलोचना गर्न नेतृत्व गर्ने कुराले पार्टीका प्रारम्भिक संगठनहरूले संशोधनवाद होईन मार्क्सवाद लागु गरिरहने कुराको ग्यारेण्टी गर्दछ । यसले प्रारम्भिक संगठनहरूको विकासका निमित्त राजनीतिक अभिमूखिकरणलाई निर्धारण गर्छ र यो उनीहरूको अत्यन्त आधारभूत जुझारु कार्यभार हो ।

पार्टीका प्रारम्भिक संगठनहरूले आफ्ना सबै कामका क्रममा यो कार्यभारलाई सबभन्दा अगाडि राख्नु पर्दछ र तीनले आफुलाई मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अध्ययन गर्ने, प्रचार गर्ने, रक्षा गर्ने र अभ्यास गर्ने लडाकु टुकडीका रूपमा विकास गर्न प्रयत्न गर्नु पर्दछ । तिनीहरूले पार्टी सदस्यहरू र क्रान्तिकारी जनसमुदायलाई अध्ययन गर्न, क्रान्तिका निमित्त अध्ययन गर्नु पर्दछ भन्ने विचारलाई दिमागमा स्थापित गर्न र मेहनत तथा निष्ठा सहित यसलाई बुझ्न र आत्मसात गर्न प्रयत्न गर्नु पर्दछ । तिनीहरूले सिद्धान्त र व्यवहारलाई मिलाउने क्रान्तिकारी कार्यशैलीलाई दृढतापूर्वक लागुगर्नु पर्दछ र सबै समस्याहरूलाई मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अडान, दृष्टिकोण र विधिबाट सुरु गरेर अध्ययन गर्नु पर्दछ र समाधान निकाल्नु पर्दछ । खास गरेर नेतृत्वदायी निकायहरूको लागि निष्ठापूर्वक, मेहनत साथ र अरुले भन्दा अझ राम्रो ढङ्गले अध्ययन गर्नु आवश्यक छ । तिनीहरूले जनसमुदायका सकारात्मक अनुभवहरूलाई केन्द्रीत गनु पर्दछ, प्रचार गर्नु पर्दछ र अध्ययनलाई निरन्तर गहिऱ्याउनु पर्दछ । तिनीहरूले क्रान्तिकारी कामका मूख्य खम्बाहरूलाई तालिम तथा शिक्षा दिनु पर्दछ, तिनीहरू जनतासंग घनिष्ठरूपले जोडिएका छन् या छैनन् हेनु पर्दछ र सबैलाई निरन्तर अध्ययनमा लगाईरहनु पर्दछ ।

संशोधनवादको आलोचना गर्न पार्टीका प्रारम्भिक संगठनहरूले पार्टी सदस्यहरू तथा क्रान्तिकारी जनसमुदायलाई परिचालन र नेतृत्व गर्नु पर्दछ । संशोधनवाद अन्तर्राष्ट्रिय पूंजीवादी वैचारिक धारा हो र यो अझै पनि मूख्य खतरा रहेको छ । त्यसकारण, पार्टी संगठनहरूले पूंजीवादी विश्व दृष्टिकोण र सबै शोषक वर्गको विचारधारा संशोधनवादको आलोचना गर्न निरन्तर र दृढतापूर्वक क्रान्तिकारी जनआन्दोलन चलाउनु पर्दछ । साथै, तिनीहरूले संस्कृतिका विभिन्न क्षेत्र लगायत उपरिसंरचनामा चल्ने वर्गसंघर्षमा गहिरो ध्यान दिनु पर्दछ । पार्टीको विकास गर्ने र पार्टीलाई बलियो बनाउने दीर्घकालिन कार्यभारका रूपमा तिनीहरूले मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अध्ययन र संशोधनवादको आलोचना दुबै गर्नु पर्दछ ।

**२. 'पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई वैचारिक तथा राजनीतिक कार्यदिशा सम्बन्धि निरन्तर शिक्षा दिन र वर्ग दुश्मनका बिरुद्धको लडाईमा दृढतापूर्वक नेतृत्व प्रदान गर्न'**

कम्युनिष्ट पार्टी भनेको सर्बहारा वर्गको क्रान्तिकारी पार्टी हो, यो बुर्जुवा तथा सबै शोषक वर्गका विरुद्ध वर्ग संघर्ष संचालन गर्ने सर्बहारा वर्गको साधन हो । पार्टीका प्रारम्भिक संगठनहरू वर्ग दुश्मनका विरुद्धको संघर्षमा पार्टी सदस्य र क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्ने अगुवा टुकडी हो । त्यसकारण, तिनीहरूले वर्ग संघर्ष तथा दुई-लाईन संघर्षका नया विशेषताहरूको निरन्तर विश्लेषण र अध्ययन गर्नु पर्दछ, वर्ग संघर्ष तथा दुई-लाईन संघर्षको महत्वलाई निष्ठापूर्वक ग्रहण गर्नु पर्दछ र वर्ग संघर्ष तथा दुई-लाईन संघर्षलाई सक्रियतापूर्वक संचालन गर्न जनसमुदायमा भर पर्नु पर्दछ र तीनलाई परिचालन गर्नु पर्दछ । खास ठाउंहरूमा पार्टी संगठनहरू दैनिक काममा अलमलिन्छन् र मूख्य विषयमा ध्यान पुऱ्याउँदैनन्, यो निकै खतरापूर्ण छ । यदि यस्ता संगठनहरूले आफुलाई सच्याएनन् भने तिनीहरूले अनिवार्यतः संशोधनवादी बाटो तिर पाईला चाल्न पुग्ने छन् ।

वर्ग संघर्ष संचालनका सन्दर्भमा जनतालाई उच्च स्तरको पहल प्रदर्शनकालागि योग्य बनाउन पार्टी संगठनहरूले अध्यक्ष माओको वर्ग संघर्षको सिद्धान्त, सर्बहारा वर्गको अधिनायकत्व र समाजवादको ऐतिहासिक काल भरीको लागि पार्टीको आधारभूत कार्यदिशाको निष्ठापूर्वक अध्ययन गर्न, समाजवादी समाजमा वर्गसंघर्षका विशेषता तथा नियमहरूको गहिरो अध्ययन गर्न, लिउ शाओ ची, लिन पियाओ र त्यस्तै अन्य ठगहरूले प्रचार गरेको 'वर्ग संघर्षको ह्रासको सिद्धान्त' गहिरो गरी आलोचना गर्न पार्टी सदस्यहरू र आम क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्नु पर्दछ । सघर्ष संचालन गर्दा तिनीहरूले जनसमुदायलाई आफ्नो स्वतन्त्र भूमिका सहित कार्वाहीमा परिचालन गर्नु पर्दछ, संभव भए सम्म अध्ययन अनुसन्धान गर्नु पर्दछ, दुई भिन्न प्रकारका अन्तरविरोधलाई छुट्याउन सक्नु पर्दछ, हाम्रो आफ्नै र जनताका बीचको संघर्ष संबन्धि पार्टीका नीतिलाई ठीक तरिकाले लागु गर्नु पर्दछ र मूठ्ठीभर दुश्मनमाथि छानेर र माया नमानेर कडा आक्रमण गर्नु पर्दछ ।

वैचारिकरूपले मजबुत बनाउन पार्टीलाई वैचारिक तथा राजनीतिक तालिम दिन अति आवश्यक छ । वर्गसंघर्ष र दुई-लाईन संघर्ष दीर्घकालिन प्रकृतीका हुने हुनाले हामीले यो शिक्षा लामो समयसम्म चलाई राख्नु पर्दछ । पार्टी संगठनहरूले पार्टी सदस्यहरू र क्रान्तिकारी जनसमुदायलाई अध्यक्ष माओले दिनुभएको शिक्षाका आधारमा वैचारिक तथा राजनीतिक तालिम दिनु पर्दछ । मार्क्सवादी-लेनिनवादी शास्त्रीय रचनाहरू तथा अध्यक्ष माओका लेखलाई पार्टी कोर्सका आधारभूत सागाग्रीका रूपमा लिएर र अध्ययन समूह स्थापना गरेर पार्टी संगठनहरूले जीवंत र प्रभावकारी शिक्षा दिनु पर्दछ र क्रान्तिकारी जनसमुदायको दुई-लाईनका बीचको संघर्षसंग संबन्धित चेतनालाई निरन्तर माथि उठाउन र नक्कली मार्क्सवादबाट सच्चा मार्क्सवादलाई अलग गर्ने क्षमताको बृद्धि गर्नका निम्ति अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाका पक्षमा उभिनु पर्दछ र यस्ता विधीलाई कारखाना, छिमेक, परिवार, कम्पनी आदिको ईतिहाससंग जोडेर सचेत ढङ्गले प्रयोग गर्नु पर्दछ ।

**३. 'पार्टीका नीतिहरूलाई प्रचार गर्न र तीनलाई सम्पन्न गर्न यसका निर्णयहरूलाई लागु गर र राज्य तथा पार्टीले खटाएका हरेक कामलाई पुरा गर ।'**

हाम्रो पार्टीका सबै नीतिहरूले सर्बहारा वर्ग तथा संपूर्ण श्रमजीवि जनताका आधारभूत हितहरूको घनिभूत प्रतिनिधित्व गर्छन् । तिनले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशालाई समेटछन् र ती जनतालाई एकतावद्ध गर्ने र दुश्मनलाई पराजित गर्ने शक्तिशाली वैचारिक हतियार हुन । अध्यक्ष माओले भन्नु भएको छ, 'नीति



र कार्यनीतिहरू पार्टीका जीवन हुन् ।' (१९१) पार्टीका प्रारम्भिक संगठनहरूले कस्तो नीति लागु गरिरहेका छन् भन्ने कुरा पत्ता लगाउने काम कम महत्वपूर्ण होईन बरु यो त कार्यदिशा संग जोडिएको एउटा प्रमूख विषय हो । अध्यक्ष माओका सबै सर्बहारावादी नीतिलाई निष्ठापूर्वक लागु गरेर मात्र तिनीहरूले पार्टी तथा राज्यले खटाएका कामलाई सफलतापूर्वक सम्पन्न गर्न सक्छन् । पार्टीका प्रारम्भिक संगठनहरूले पार्टीका राजनीतिक सिद्धान्तलाई निरन्तर प्रचार गर्नु पर्दछ ता कि जनताले ती सिद्धान्तलाई छिटै बुझ्न, आत्मसात गर्न र पार्टीका नीतिलाई सचेत काममा बदल्न सकुन । पार्टीका नीतिलाई लागुगर्दा प्रारम्भिक संगठनहरूले एकातिर पार्टीको आधारभूत कार्यदिशा र अर्कोतिर आम राजनीतिक सिद्धान्तका साथै विभिन्न विशिष्ट नीतिहरूको बीचमा ठीक सम्बन्ध कायम होस भन्ने कुरामा ख्याल गर्नु पर्दछ । दुई भिन्न प्रकारका अन्तरविरोधका बीचमा फरक छुट्याउन र तीनको परिचालन गर्नकालागि पार्टीको आधारभूत कार्यदिशाले आम सिद्धान्त र मूर्त नीतिहरूको परिभाषा गरेको हुन्छ । यसरी विभिन्न विशिष्ट नीतिहरूको स्पिरिटलाई ठीक ढङ्गले बुझ्नकालागि हामीले पार्टीको आधारभूत कार्यदिशालाई संधै दिमागमा राख्नु पर्दछ । यसरी मात्र हामी यी नीतिलाई लागु गर्दा दुरद्रष्टा बन्न सक्छौं, जनताका तत्कालका हितलाई तीनका दीर्घकालिन हितसंग अर्थात अंशको स्वार्थलाई पूर्णको स्वार्थसंग जोड्न सक्छौं, जनता र हाम्रो अन्तरविरोधबाट जनताका बीचको अन्तरविरोधलाई पृथक गर्ने रेखालाई स्पष्टसंग देख्न सक्छौं र सबै कुरामा पार्टीको नीति अनुसार काम गर्न सक्छौं । वर्गसंघर्ष तथा दुई-लाईन संघर्षको क्षेत्र लगायत पार्टीका नीतिहरूलाई अगाडि बढाउन उच्च सतर्क रहनु पर्दछ, सिद्धान्तलाई पक्डिनु पर्दछ, वर्ग दुश्मनका ध्वंशात्मक गतिविधीहरूलाई भण्डाफोर गर्नु पर्दछ र त्यसलाई ध्वस्त पार्नु पर्दछ । हामीले दक्षिण तथा 'बाम' अवरोधहरूलाई निर्मूल पार्नु पर्दछ र पार्टीका नीतिविरुद्ध जाने सबै विचार र कामसंग दृढतापूर्वक लड्नु पर्दछ । पार्टीका प्रारम्भिक संगठनहरूले पार्टीका निर्णयहरूलाई दृढतापूर्वक लागुगर्नु पर्दछ । तिनीहरूले पार्टी सदस्यहरू र क्रान्तिकारी जनतालाई संगठित गर्नु पर्दछ ता कि पार्टीले तयार पारेका विभिन्न काम पुरा गर्न तिनीहरूले कडा परिश्रम गरुन् र ती कामको सफलताको ग्यारेण्टी होस् ।

**४. 'जनतासंग घनिष्ट सम्बन्ध कायम राख्नका लागि तीनका विचार तथा मागहरूलाई सुन्न र पार्टी जीवनलाई गतिशील राख्नका निमित्त सक्रिय वैचारिक संघर्ष संचालन गर ।'**

पार्टीका प्रारम्भिक संगठनहरूले जनसमुदायसंग सबैभन्दा घनिष्ट संबन्ध कायम गर्नु पर्दछ । तिनीहरूले एउटै हावाको सास फेर्नु पर्दछ, एउटै हिस्सा बाड्नु पर्दछ, तिनीहरूका बीचमा पानीमा माछा जस्तै र छालामा रगत जस्तै हुनु पर्दछ र तिनीहरूका बीचमा गहिरो जरा गाडनु पर्दछ । तिनीहरूले तीनका विचारलाई र तीनका आकांक्षलाई निरन्तर सुनिराख्नु पर्दछ र कुनै समस्या आउना साथ तिनीहरू संग छलफल गर्नु पर्दछ । समस्यासंग हामी जति धेरै परिचित हुन्छौं, समस्याले जति छिटो समाधान खोज्छ, त्यति नै धेरै हामीले जनताका विचारहरूलाई सुन्नु पर्दछ । जिम्मेवारी जति गह्रौं छ, काम जति धेरै छ त्यति नै धेरै हामीले जनताका विचारहरूलाई ध्यान दिनु पर्दछ । हामीले जति जितहरू जित्छौं र जति हामीले जनताको विश्वास जित्दै जान्छौं, झन धेरै हामीले जनताबाट सुन्नु पर्दछ ।

अध्यक्ष माओको शिक्षा अनुसार, 'कम्युनिष्ट पार्टीको दर्शन भनेको संघर्षको दर्शन हो ।' (१९२) पार्टीका प्रारम्भिक संगठनहरूले पार्टी भित्र सक्रिय वैचारिक संघर्ष संचालन गर्नु पर्दछ । तिनीहरूले पार्टीको संगठनात्मक र जनवादी जीवनलाई सुद्धिकरण गर्नु पर्दछ, राम्रो संग आलोचना र आत्मालोचना गर्नु पर्दछ । तिनीहरूले पार्टी सदस्य र क्रान्तिकारी जनसमुदायलाई परिचालन गर्नु पर्दछ र गलत प्रवृत्ति र गैर सर्बहारा विचारका विरुद्ध तिनीहरूले चलाएका संघर्षमा साथ दिनु पर्दछ । पार्टीका प्रारम्भिक संगठनका कार्यकर्ताहरूले, आफ्नै पहलमा, जनताको निगरानीमा आउनु पर्दछ र तिनीहरूको विनम्रतापूर्वक आलोचना सुन्नु पर्दछ, तिनहिरूमा कमजोरी छ भने, गल्ति गरेका छन भने तिनीहरूले त्यसलाई स्वीकार्नु पर्दछ र सच्याउनु पर्दछ । तिनीहरूले आफ्नै विरुद्ध लडनु पर्दछ, जनताको सामुन्ने संशोधनवादको खण्डन गर्नु पर्दछ र लिउ शाओ ची र लिन पियाओले जस्तो ' चार भित्ताभित्र आफैलाई कैद गर' र 'तिनीहरूको भित्री सत्तामा क्रान्ति गर' भन्ने होईन ।

**५. 'नयां पार्टी सदस्यहरूलाई भित्र्याउन पार्टी अनुशासन लागु गर, पार्टी संगठनलाई निरन्तर सुदृढ गर र पार्टी पंक्तिको सुद्धतालाई कायम राख्न बासीलाई मिल्काएर र ताजालाई भित्र्याउ'**

नयांलाई भित्र्याउन बासीलाई मिल्काउने भन्ने भनाईका दुई पक्ष छन्ः एउटा वैचारिक र अर्को सांगठनिक । नयांलाई भित्र्याउने र बासीलाई मिल्काउने भन्ने भनाईमा विचार पहिला आउंछ तर संगठनात्मक पक्ष पनि निकै महत्वपूर्ण छ । पार्टी पंक्तिलाई विस्तार गर्नका निमित्त र तिनीहरूको उन्नत चरीत्र र शुद्धतालाई कायम राख्न यो महत्वपूर्ण ग्यारेण्टी हो । अन्तर-पार्टी संघर्षको द्वन्द्ववादमा निर्भर रहेर हामीले वैचारिक तथा सांगठनिक क्षेत्रमा देखा पर्ने बासी तत्वलाई हटाईरहनु पर्दछ र नयांलाई भित्र्याईरहनु पर्दछ । तीन महान क्रान्तिकारी आन्दोलनको अभ्यासबाट अगाडि आएका उन्नत तत्वहरूलाई पार्टीमा समाबेश गर्नु पर्दछ र प्रमाणित गद्दारहरू, दुश्मनका एजेण्टहरू, सत्तामा रहेर पुंजीवादी बाटो पक्डेका, त्यसमा पटक्कै पश्चाताप नगर्ने व्यक्तिहरू, पतित र भिन्न वर्गीय तत्वहरूलाई मिल्काउनु पर्दछ । दुश्मन र हाम्रा बीचमा हुने जस्तै अन्तरविरोधहरू प्रदर्शन गर्ने सबै व्यक्तिलाई पार्टीबाट हटाउनु पर्दछ र अन्तरविरोधको प्रकृति दुश्मन र हाम्रा बीचको जस्तै हुने तर त्यसलाई जनताका बीचको अन्तरविरोधको रूपमा देखाउन खोज्ने व्यक्तिलाई पनि पार्टीबाट हटाउनु पर्दछ । प्रारम्भिक संगठनहरूले पार्टी बिधानमा तोके जस्तै आवधिक रूपमा चुनावहरू गर्नु पर्दछ, बृद्ध, प्रौढ र युवा रहने गरी एकमा तीनको संयोजनको सिद्धान्तलाई मान्नु पर्दछ र नयां शक्तिलाई समावेश गर्नु पर्दछ । तिनीहरूले उत्तराधिकारीका लागि आवश्यक पांच शर्तमाथि ध्यान दिंदै, हाम्रो पार्टीको उद्देश्यलाई सुनिश्चित गर्न पार्टी संगठनको प्रत्येक नेतृत्वदायी तहमा कम्युनिष्ट पार्टीका सर्बोत्तम सदस्यहरूलाई छान्न जोडदिनु पर्दछ ।

पार्टीको बिकासगर्न र त्यसलाई बलियो पार्न हामीले पार्टी सदस्यहरूको पार्टी अनुशासन मान्ने ईच्छालाई उचो राख्नु पर्दछ । संपूर्ण पार्टीलाई एकीकृत अनुशासनको अधिनमा राख्ने कुराले पार्टीको केन्द्रीकृत एकतालाई रक्षागर्ने र अध्यक्ष माओको सर्बहारावादी क्रान्तिकारी कार्यदिशालाई लागुगर्ने कुराको ग्यारेण्टी गर्दछ, क्रान्तिमा पूर्ण विजय प्राप्त गर्न र सर्बहारा अधिनायकत्वलाइ सुदृढ गर्नका लागि यो शर्त आवश्यक छ । त्यसकारण, पार्टीका प्रारम्भिक संगठनहरूले पार्टीलाई एकल एकीकृत अनुशासनको अधिनस्थ राख्ने कुराको महत्वलाई पूर्ण रूपमा स्वीकार्नु पर्दछ, तिनीहरूले अनुशासन संबन्धि अवधारणाद्वारा सदस्यहरूलाई शिक्षित गर्नु पर्दछ र यसलाई सचेत ढङ्गले लागुगर्नु पर्दछ । पार्टी अनुशासन उल्लंघन गर्ने पार्टी सदस्यहरू प्रति हामीहरूले पार्टी बिधान अनुसार उक्त उल्लंघनको प्रकृति र स्तर निर्धारण गर्नु पर्दछ, तिनको आलोचना गर्नु पर्दछ, गंभीरतापूर्वक तिनलाई सहयोग गर्नु पर्दछ र यदि आवश्यक पऱ्यो भने पार्टीको अनुशासनलाई गंभीरतापूर्वक लिईयोस भन्ने हिसाबले उपयुक्त कार्यबाही पनि गर्नु पर्दछ ।

छोटोमा, पार्टीका प्रारम्भिक संगठनहरूले बिधानमा निर्दिष्ट गरिएका यी पांच वटा कार्यभारहरूलाई एकएक गरी पुरा गर्न सक्रिय भएर काम गर्नु पर्दछ । यसरी मात्र तिनीहरू आफ्नो अगुवा लडाकु टुकडीको भूमिकालाई पूर्णरूपमा लागु गर्न सक्षम हुने छन् ।

***(चिनियाँ कम्युनिष्ट पार्टी बारे आधारभूत बुझाई (शांघाई १९७४) प्रकाशोन्मुख पुस्तकबाट)***

## सामाजिक सञ्जाल



जातीय पार्टी खोल्न पाइनो हिन्दू बाहेकलाई आरक्षण दिन पनि पाइने तर हिन्दू राज्य बनाउँछु भन्न नपाइने !
यो लोकतन्त्र कि अर्ध लोकतन्त्र हो ?
*– राजकुमार रेग्मी*



'ठूलो-सानो', उच-निच, धनी-गरिब आदि जस्ता दम्भ र मनोविज्ञानले मानिस सधैँ दुखी भएको छ ! मूल कुरो इमानमा रहनु हो, इमानमा रहेर आफ्नो काम गरी खानेचाहिँ महान हो !
मैले पटकपटक बुझिरहेको के भने- आर्थिक विपन्नता गरिबी हुँदै होइन, दरिद्र सोचाइ र धारणाचाहिँ हो खास गरिबी ! *– घनेन्द्र ओझा*



नेपालको पानी जनताको लगानी जत्तीको राष्ट्रवादी नारा र अभियान अर्को कुनै छैन ।
नेपालमा नदी बिदेशीलाई सुम्पने कमिसन हसुर्ने राष्ट्र कंगाल बनाउने राष्ट्रवाद जो बर्षौं देखी चलेको छ ।
*– हरि पन्थी*



गृहमन्त्री बिमलेन्द्र निधि निर्वाचनका बन्दोबस्तिको सामाग्रीका लागि भारतमा लम्पसार परेरे भन्ने सुनियो। संसद्मा प्रतिनिधित्व गर्ने पछिल्लो १० वर्ष जुन कुनै पार्टीका केन्द्रिय तथा सार्बजनिक पदमा रहेर काम गरेकार गरिसकेका नेताहरूको सम्पती छन्बिन गरे यसरी लम्पसार पर्ने पर्दैन कि सरकार ! *– सुरेश गौतम*



स्याल बौलायो भने गाउ पस्छ।आजकाल नेपालको राजनितीमा रंगीबिरंगी स्यालहरू बौलाएर कोही गाउ पस्दैछन कोही सडकमा हुईया लगाई रहेका छन।जती भाका फेरेर कराए पनि आखीरमा जाबो स्यालले सिकार गर्ने भनेको जाबो कुखरा नै हो। बाघ भनेको बाघ हो जसले धेरै हल्ला गरदैन आवश्यक परे हात्तीको सिकार गर्छ। चाहे बुढो र खिन्याउटे नै किन नहोस बाघको छोरा बाघ नै हो ।*– पेमा लामा*




कहिले काहिँ त बुद्धिजीवी भन्नेसित पनि डर लाग्छ । बौद्धिक अतिवादले 'आतंकवाद' सिर्जना गर्ला भन्ने डर ।
# तर्कना । *– दिपेन्द्र कुँवर*




@Hello_Sarkar सर्लाहीको जिल्ला समन्वय समितिको बोर्डमा मधेसी मोर्चाका अशोक यादव लगायतको समूहले मधेस सरकार लेखेका छन्र पुलिस प्रशासन किन मौन ? *– छवि काफ्ले*



यहाँ दुईथरी मान्छे बस्छन् । एउटालाई देशले सताउँछ अर्कोलाई पेटले सताउँछ । *– सन्तोष दाहाल*




राजनीति, कुनामा बसेर कटाक्ष र पटाक्ष हाने जस्तो , टिभीमा खल्लो र सतही अन्तरबार्ता दिए जस्तो, सस्तो लोकप्रियता र ससुराली मेजमान खान गय जस्तो,भेउ नपाउने र लम्पट दर्शकक अगाडी नाचे जस्तो ,चिया पसलमा बसेर र भट्टी बालिका बसेर कुरा काटे जस्तो होइन राजनीति !!!यो त सयौं जोर जुत्ता चप्पल ,सयौं जोर कपडा ,सयौं झोलाको फटाइ ,अभाव,त्याग ,समर्पण ,बलिदानको श्रमिश्रण हो राजनीति !!त्यसैले हिजो आज विभिन्न पार्टीका नेताले गरेको पार्टी परित्यागलाई यस्तै यस्तै कुराले सुचक गरिरहेको देखिन्छ ।*– फडिन्द्र कार्की*



हामी क्रान्तिकारीहरू जे हो त्यही भन्छौं, त्यही गर्छौं, उनीहरू पानीमाथिको ओभानो हुन खोज्छन्, नौटंकी र खुरापातीमा विश्वास गर्छन्, जालसाची र षड्यन्त्र गर्छन् ।
*– ईन्द्र राउत*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# साहित्य, कला र संस्कृतिको सन्दर्भमा माओ



❑ कृष्णसेन 'इच्छुक'

माओले मार्क्सवाद-लेनिनवादलाई सैद्धान्तिक र राजनीतिक रूपले माओवादको नयाँ र उच्च चरणमा विकास गर्नुका साथै मार्क्स र लेनिनपछि साहित्य, कला र संस्कृतिका क्षेत्रमा समेत महत्वपूर्ण योगदान दिनुभएको छ । आज हाम्रो देशमा एकातिर मार्क्स, लेनिन र माओको नाम जप्दै मार्क्सवाद-लेनिनवाद-माओवादका वैचारिक गुदीलाई नै विकृत र खोक्रो तुल्याउने धमिराहरूको बिगबिगी छ भने अर्कातिर कमरेड माओ र उहाँका क्रान्तिकारी सिद्धान्तहरूमाथि सबै प्रकारका प्रतिक्रियावादी तथा संशोधनवादीहरूद्धारा भीषण आक्रमण भइरहेछ । उनीहरू क्रान्तिकारी पार्टी, जनता र मुक्तियोद्धाहरू विरूद्ध एउटै पङ्क्तिमा उभिएर मोर्चाबन्दी गरिरहेछन् । किनभने माओवाद नै तिनीहरूको जर्जर किल्लालाई ढाल्ने सबैभन्दा खतरनाक अस्त्र बनेको छ । त्यसैले क.माओले सल्काउनुभएको क्रान्तिकारी मशाललाई आफ्नो सिर्जन, चिन्तन तथा कर्ममा अझै प्रज्वलित पार्दै सङ्घर्षमा अगाडी बढ्नु नै सबै संस्कृतिकर्मीहरूको आजको प्रमुख दायित्व हो ।

लु-सुन, क्रिस्टोफर कड्वेल, राल्फ फाक्स, ज्दानोभ, हावर्ड फास्ट, जर्ज लुकाच, फिसर थोम्सनजस्ता कला चिन्तकहरूले पनि महत्वपूर्ण योगदान पुऱ्याएको कुरालाई अस्वीकार गर्न सकिदैन तापनि यसलाई नवीन सौन्दर्य चिन्तनका रूपमा बीजारोपण गर्नेदेखि उच्च विकासको वर्तमान अवस्थासम्म पुऱ्याउनमा मार्क्स, एङ्गेल्स, लेनिन र माओजस्ता र राजनीतिक चिन्तकहरूको भुमिका सर्वोपरि रहिआएको छ । आफ्ना अग्रजहरूले जस्तै माओले पनि कला, साहित्य र संस्कृतिको क्षेत्रमा पर्याप्त समय दिन पाउनुभएन तैपनि वर्गसंघर्षको क्रममा देखापरेका विविध समस्याहरूलाई हल गर्दै जाँदा साहित्य र कलाका सम्बन्धमा जुन विचारहरू प्रकट गर्नुभयो ती मार्क्सवादी सौन्दर्यचिन्तनका क्षेत्रमा नयाँ संस्कृति र सामन्तवर्गको पुरानो संस्कृतिका बीच सङ्घर्ष थियो । त्यो नयाँ संस्कृतिको नेतृत्व पूँजीपतिवर्गले गर्दथ्यो । तर ४ मईको आन्दोलन पछिको आन्दोलन नयाँ जनवादी भयो र त्यसको नेतृत्वदायी भूमिका निर्वाह गर्न सर्वहारा वर्ग अगाडी आयो । फलस्वरूप यो नयाँ जनवादी सस्कृति विश्व समाजवादी क्रान्तिको अंग र विशाल जनसमुदायको साम्राज्यवाद तथा सामन्तवाद विरोधी संस्कृति बन्न पुग्यो । यसरी अगाडी आएको नयाँ जनवादी सांस्कृतिक आन्दोलनको मोर्चामा त्यसपछि अन्य मोर्चा जस्तै दुईलाइन वा कार्यदिशाको सङ्घर्ष सुरु भयो । चौथो दशकको आरम्भतिर वाङमिङको 'वामपन्थी' अवसरवादी आइनभित्र 'ढोकाबन्द' को संकीर्णतावादी भड्काव देखापऱ्यो । सो भूमिका हुन्छ । उहाँले 'कला कलाका लागि' भन्ने बुर्जुवा सिद्धान्तको खण्डन गर्दै भन्नुभयो, 'साहित्य र कला जनताको लागि हुनुपर्छ र ती लेनिनले भनेझैं क्रान्तिका मेसिन र दाँती बन्नुपर्छ ।' सबै साहित्य र कला निश्चित राजनीतिक दिशातिर हाँकिएको हुन्छन् भन्दै माओले दुश्मनलाई पराजित गर्न र जनतालाई प्रशिक्षित तथा गोलबन्द गर्दै शक्तिशाली हतियारका रूपमा विकास गर्न लेखक कलाकारहरूलाई वर्गदृष्टिकोण, रुझान, पाठक-दर्शन, काम र अध्ययनका समस्याहरूमाथि ध्यान दिन जोड दिनुभयो ।

साहित्य र कलालाई सामाजिक जीवनको प्रतिबिम्ब हो भन्दै माओले समाज तथा सामाजिक जीवनलाई साहित्य र कलाको प्रमुख स्रोत बताउनुभयो । जनताको जीवन क्रान्तिकारीहरूका लागि ग्राह्य हुँदैनन् । कलात्मक मापदण्ड र राजनीतिक मापदण्डमा यसरी माओले राजनीतिक मापदण्डलाई प्रधान र कलात्मक मापदण्डलाई गौण बताउनुको अर्थ रचनाको कलापक्षलाई नै उपेक्षा गरेको भने होइन । उहाँले प्रतिक्रियावादी विषयवस्तुलार्य कलात्मक ढङ्गले प्रस्तुत गर्ने रूपवादी शैली तथा प्रगतिशील राजनीतिक चिन्तनलाई नारामा प्रस्तुत गर्ने पोष्टरे शैलीको पनि विरोध गर्दै विषयवस्तु र रूपबीच द्वन्द्वात्मक एकताको माग गर्दै भन्नुभएको छ, 'हामी जुन चीजको माग गर्दछौं त्यो हो राजनीति र कलाको एकता, विषयवस्तु र रूपको एकता, क्रान्तिकारी राजनीतिक विषयवस्तु र यथासम्भव बढी पूर्ण कलात्मक रूपको एकता ।' मात्रै सबैखाले विषालु झारपात र अवैज्ञानिक चिन्तनहरूलाई मिल्काउन सकिन्छ । माओले 'सयौं फूलहरू फुल्न देऊ' भन्दै लेखक र कलाकारहरूका सिर्जनात्मक कार्यलाई एकातिर प्रोत्साहित गर्नु भएको छ भने अर्कोतिर पूँजीवादी र संशोधनवादीहरूका विरुद्ध पनि निरन्तर सङ्घर्ष चलाउनु पर्ने कुरामा जोड दिनु भएको छ । यही नै साँस्कृतिक क्रान्तिको सार हो । अर्को शब्दमा यो दुनियाँ बदल्नका निम्ति पहिले स्वयं आफैंलाई बदल्ने प्राथमिक महत्वको क्रान्ति हो । यो भौतिक र मानसिक दुबै क्षेत्रमा परिवर्नन ल्याउँदै पूँजीवादी विचारधारा र संशोधनवादलाई अन्तिम रूपले समूल नष्ट नपारेसम्म निरन्तर सञ्चालन गर्दै अगाडी बढिरहनुपर्ने क्रान्ति हो । महान् सर्वहारा सांस्कृतिक क्रान्ति माओका



महत्वपूर्ण सैद्धान्तिक प्रस्थापनाहरू बन्न पुगेको छ । 'नौलो जनवादबारे' नामक आफ्नो राजनैतिक दस्तावेजमा माओले चर्चा गर्नुभएको 'नौलो जनवादी संस्कृति', 'येनान गोष्ठी कला र साहित्यबारे प्रवचन' र 'सांस्कृतिक कार्यमा संयुक्त मोर्चा' जस्ता रचनाहरू यस सन्दर्भमा विशेष उल्लेखनीय छन् । माओका यी रचनाहरू चीनका विशिष्ट स्थितिमा मात्रै नभएर अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेका संसारभरिकै मुक्तिकामी जनताको सांस्कृतिक आन्दोलनका निम्ति नै पथप्रदर्शक बन्न पुगेका छन् । त्यसैगरी समाजवादी समाजको निर्माण प्रक्रियामा साहित्य र कलाको महत्वलाई आत्मसात् गर्दै प्रतिपादन गरिएको महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्तले माओका योगदानहरूलाई नौलो जनवादको अवधिसम्म मात्र सीमित नपारी समाजवाद र साम्यवादको अवधिसम्म समेत विस्तार गरेको छ ।

'नौलो जनवादबारे' रचनामा माओले ४ मई १९१९ को आन्दोलनपछि चीनमा राजनीतिक मोर्चाका जस्तै सांस्कृतिक आन्दोलनको विचारधारात्मक मार्चामा पनि नयाँ विशेषता देखा परेको र नयाँ सांस्कृतिक शक्ति अस्तित्वमा आएको बताउनु भयो । ४ मइकको आन्दोलन अगाडि चीनको साँस्कृतिक मोर्चामा पूँजीपतिवर्गको समय चीनको क्रान्तिकारी आन्दोलनमा दुई लाइनको सङ्घर्षले तीव्र रूप लिएको बेला थियो । त्यतिखेर राजनैतिक र आर्थिक अवस्थाकै प्रतिबिम्बका रूपमा साहित्य, कला र संस्कृतिका क्षेत्रमा पनि तीव्र वादविवाद र वहस भइरहेको थियो । त्यसैबेला सांस्कृतिक क्षेत्रमा एकातिर 'कला कलाका निम्ति' भन्ने लेखक कलाकारको ठुलो जमात थियो भने अर्कोतिर ढुलमुले निम्नपूँजीवादी लेखक कलाकारहरूको दिशाहीन अवसरवादी जमातपनि अस्तित्वमा थियो । 'नयाँ जनवादी संस्कृति' सम्बन्धी रचना तयार पारेर नयाँ संस्कृति तथा सांस्कृतिक आन्दोलनको दिशालाई सुस्पष्ट पार्नुभयो भने 'येनान गोष्ठीमा कला र साहित्यबारे प्रवचन' द्वारा कला-साहित्यका क्षेत्रमा प्रचलित गलत दृष्टिकोणहरूको चिरफार गर्नुको साथै लेखक कलाकारहरूलाई मार्क्सवाद-लेनिनवादको विज्ञानलाई अध्ययन गर्न र सही विश्वदृष्टिकोण अपनाउन जोड दिनुभयो ।

माओले के कुरा प्रष्ट पार्नु भयो भने जनताको मुक्तिको संङ्घर्षमा शत्रुलाई पराजित गरेर विजय हासिल गर्न विभिन्न मोर्चाहरू मध्ये बन्दुकधारी मोर्चाको भूमिका नै प्रमुख हुन्छ तापनि क्रान्तिभन्दा अगाडी विचारधारात्मक रूपले क्रान्तिको आधार तयार पार्न र क्रान्तिपछि त्यसलाई सुदृढ तुल्याउन सांस्कृतिक मोर्चाको पनि त्यतिकै ठुलो साहित्य र कलाको प्रमुख स्रोत र कच्चा पदार्थको भण्डार भए पनि साहित्यभन्दा यो अत्यन्तै सजीव, समृद्ध र मौलिक हुन्छ भन्ने कुरा उहाँले स्पष्ट पार्नुभयो र तैपनि मानिसहरू जीवनलाई मात्र हेरेर किन सन्तुष्ट हुन सक्तैनन् र कला साहित्यको माग गर्दछन् भन्ने कुरामाथि प्रकाश पार्दै माओले भन्नुभयो, 'यद्यपि ती दुवै सुन्दर हुन्छन् परन्तु साहित्यिक रचनाहरू र कलाकृतिमा प्रतिबिम्बित हुने मानवजीवन दैनिक बास्तविक जीवन भन्दा बढी भव्य, बढी तीव्र, बढी घनीभूत, बढी विशिष्ट, आदर्शको बढी नजिक हुन्छ त्यसैले अझ बढी प्रभावपूर्ण हुन्छ र त्यस्तो हुनु पनि पर्दछ ।' माओको यस भनाइले यथार्थ र कलाको द्वन्द्वात्मक सम्बन्ध तथा साहित्य र कलाबीचको सम्बन्ध कस्तो हुनुपर्दछ भन्ने कुरामाथि राम्ररी प्रकाश पार्दछ ।

माओले वर्गसमाजमा कला र साहित्यको राजनीतिक र कलात्मक मापदण्ड हुन्छ भन्दै सबै समाजमा हरेक वर्गले सधैं नै सबभन्दा पहिले राजनीतिक कसी वा मापदण्डलाई नै प्राथमिकता दिन्छ भन्नुभयो । त्यसैले गर्दा नै जतिसुकै उच्च सीप र कलात्मक सौन्दर्यले भरिएका रचनाहरू भए पनि क्रान्तिकारी अन्यर्वस्तु भएका रचनाहरू प्रतिक्रियावदीहरूका लागि ग्राह्य हुँदैनन् । त्यसैगरी जतिसुकै सुन्दर सीप र शैलीले सिंगारिएका भए पनि प्रतिक्रियावादी रचनाहरू

उहाँले बुद्धिजीवी तप्काबाट आएको लेखक-कलाकारहरूको भवनात्मक रूपान्तरणमा पनि अत्यधिक जोड दिनुभएको छ र जसको अर्थ एक वर्गबाट अर्को वर्गमा रूपान्तरण हो र यसलाई उहाँले अनिवार्य बताउनुभएको छ । यसरी व्यक्तिले आफ्नो भावनात्मक रूपान्तरण वा पुनःसंस्कार जगरीकन आम जनताको मुक्ति र क्रान्तिका निम्ति सुयोग्य बन्न र यथेष्ट सहयोग गर्न सक्दैन ।

सरलता र स्तरीयताको प्रश्नलाई पनि महत्वपूर्ण रूपमा उठाउँदै माओले जनताको निम्ति लेखिने साहित्यको भाषा तथा शैली सरल र बोधगम्य हुनुपर्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, 'स्तर उकास्ने काम सरलीकरणमा आधारित हुन्छ भने सरलीकरणको काम स्तर उकास्ने कुराबाट निर्देशित हुन्छ ।' सरलता र स्तरीयता सामाजिक स्थिति र पाठकहरूको चेतनासित सम्बन्धित हुन्छ र यसलाई एकअर्कोको विरोधी नभएर सहयोगी र पूरकका रूपमा लिनुपर्छ भन्ने माओको मान्यता रहेको छ ।

राजनीतिक रूपले क्रान्ति सम्पन्न भइसकेर पनि सहियौंदेखि जनताको मनमस्तिष्कमा पुराना विचार र संस्कारका रूपमा जमेर बसेका शत्रुहरूलाई समाप्त पार्न सांस्कृतिक क्षेत्रमा पनि निरन्तर वर्गसङ्घर्ष चलाउन आवश्यक हुन्छ । त्यसो गरेर शब्दमा 'स्वर्ग र धरतीलाई कम्पायमान बनाउने एउटा युगान्तकारी घटना' हो ।

यसप्रकार माओले मार्क्सवाद-लेनिनवादलाई सैद्धान्तिक र राजनीतिक रूपले माओवादको नयाँ र उच्च चरणमा विकास गर्नुका साथै मार्क्स र लेनिनपछि साहित्य, कला र संस्कृतिका क्षेत्रमा समेत महत्वपूर्ण योगदान दिनुभएको छ । आज हाम्रो देशमा एकातिर मार्क्स, लेनिन र माओको नाम जप्दै मार्क्सवाद-लेनिनवाद-माओवादका वैचारिक गुदीलाई नै विकृत र खोक्रो तुल्याउने धमिराहरूको बिगबिगी छ भने अर्कातिर कमरेड माओ र उहाँका क्रान्तिकारी सिद्धान्तहरूमाथि सबै प्रकारका प्रतिक्रियावादी तथा संशोधनवादीहरूद्धारा भीषण आक्रमण भइरहेछ । उनीहरू क्रान्तिकारी पार्टी, जनता र मुक्तियोद्धाहरू विरुद्ध एउटै पङ्क्तिमा उभिएर मोर्चाबन्दी गरिरहेछन् । किनभने माओवाद नै तिनीहरूको जर्जर किल्लालाई ढाल्ने सबैभन्दा खतरनाक अस्त्र बनेको छ । त्यसैले क.माओले सल्काउनुभएको क्रान्तिकारी मशाललाई आफ्नो सिर्जन, चिन्तन तथा कर्ममा अझै प्रज्वलित पार्दै सङ्घर्षमा अगाडी बढ्नु नै सबै संस्कृतिकर्मीहरूको आजको प्रमुख दायित्व हो ।

*(१५ पौष ०५४ को जनादेश साप्ताहिकबाट)*

## नेपाली...

कार्यक्रम लागु गरिरहेको छ । लक्ष्मणपुर बाँध खुर्दलोटन बाँध, तीलाठी वाँध जस्ता वाँध वाधेर नेपाली भु-भाग डुवानमा परिरहेको छ । यसैको पछिल्लो कडि नेपालभित्र बनाएको कलभर्टलाई निहुँ बनाएर कंचनपुरका होनहार देशभक्त युवा गोविन्द गौतमको नेपाली भुभागमै पसेर भारतीय सीमा रक्षक पुलिसले गोली चलाएर हत्या गरेको छ । यसले भारतीयहरूको विस्तारवादी हस्तक्षेपलाई झन ह्वातै बढाएको छ । 'अझ जो चोर उसैको ठुलो स्वर' भने झैं भारतीय दुतावसले 'हामीले होइन गोली हानेको' भनेर वक्तव्यको नाटक रच्दछ । यसले अन्तर्राष्ट्रिय रूपमा समेत भारतलाई ढुटुवा प्रमाणित गरेको छ । हामी नेपालीहरूको माग त भारतीयहरूले क्षमा याचना गर्नुपर्छ, क्षतिपुर्ति दिन पर्दछ र अव आइन्दा यस किसिमको घटना नदोहोऱ्याउने वाचा कवुल गर्नुपर्दछ । यो हामीले माग गरिरहनु पर्ने विषय होइन । भारतले एउटा असल छिमेकि नगुमाउन २४ घण्टा नबिभ्दै आफैले जानेर गर्ने विषय हो । भारतले यसो गरिहाल्दा पनि उसको विगत देखि समग्र इतिहासलाई जोडेर हेर्दा आत्मै देखि गरेको हो भनेर नेपाली जनता तयार छैनन् यो त आहारा खानु भन्दा अगाडी गोहीको आशु ठान्ने छन्, जब सम्म उसले विगतका कमजोरी प्रति आत्मालोचना गर्दैन र भविष्यमा लामो समय सम्म यस किसिमका हर्कत दोहोऱ्याउदैन । वेलायतको दास बनेर बसेको भारतले आफुलाई बेस्सरी दयन गरेको शासुको बदला शासु मरेपछि बुहारी ल्याएर दमन गरेर पीडा क मगर्ने वा बिर्सने गर्दछन् रे भने झैं भारतले पनि वेलायतको साम्राज्यवादी पीडा साम्राज्यवादकै विरासत बोकेर विस्तारवादी नीति नेपाल र छिमेकी देशहरू प्रति लागु गरेर बिर्सन खोज्दै छ ।

यो घटनालाई हामीले सामान्य रूपमा लिनु हुँदैन, नेपाल र संसारभर बस्ने नपालीहरूले समयमै यो घटनाको बुलन्द विरोध नगर्ने हो भने काठमाडौंमै हतियारसहित आएर नेपाली नागरिकलाई धावा बोल्ने र जेलभित्रै अनिस अन्सारीलाई मार्न पठाउने भारतले भोलि सजिलै शिकार बनाउन सक्छ । साम्राज्यवादी वेलायत संग लडेर सहिदको उच्च कोटीमा नेपालको नाम लेखाउन सफल भक्ति थापा लगायतका वीरहरूको वीरताको सुचीमा नाम लेखाउन सफल गोविन्द गौतम प्रति हार्दिक श्रद्धान्जली, शोक सन्तप्त परिवारप्रति समवेदना । भारतीय विस्तारवादप्रति लडेर सहादत प्राप्त गर्ने बहादुर नेपाली आमाका सन्तान गोविन्द गौतम नेपाली राष्ट्रिय नायक बनेर नेपालीहरूको मन मनमा अजर अमर भएर रहिरहने छन् ।

## नेपाल–भारत...

उद्धरणभित्रको वाक्यांशमा रु २ नभएर रु १ वा रु ३ हुन सक्ला, तर अरु कुरा मैले बिर्सेको छैन । सुरुमा मलाई लाग्यो, समाचार वाचकले गल्ती पढे, संभव छ उनका आँखाले कम भन्ने शव्दलाई 'बृद्धि' देख्न पुग्यो । मैले भोलीपल्ट साथीहरूसंग यो समाचारको प्रसंग कोट्याएँ । कसैले पनि त्यो समाचारलाई त्यति धेरै ध्यान दिएर सुनेका रहेनछन् । उनीहरूलाई मैले भनेको कुरामा विश्वास लागेन । यस्तो नहुने कुरा पनि समाचारले भन्छ भनेर उल्टै मलाई तपाईले नै गल्ती सुनेको भन्न थाले । रेडियोबाट त्यो समाचार सच्च्याईएको पनि मैले थाहा पाइनँ । म त्यति बेला तात्कालिन नेकपा (मशाल) को जिल्ला समितिमा कार्यरत थिएँ । छिटै केन्द्रीय नेताहरूसँग भेटन संभव पनि थिएन, जिल्लाका नेताले दिएको जवाफबाट मेरो चित्त बुझेन । यो केही समयसम्म मेरा लागि एउटा अध्ययनको विषय बन्यो ।

यसलाई मैले गहिरो गरी बुझ्ने प्रयास गरें । त्यतिबेला भारतीय बजारमा रासायनिक मल पर्याप्त मात्रामा उपलब्ध रहेनछ । आवश्यक आपूर्ति नभएका कारण त्यो बेला नेपाल-भारत सिमानाको नजिक रहेका भारतीय किसानहरूले नेपालमा आएर रासायनिक मल किन्ने गर्दा रहेछन् । यसको स्वाभाविक परिणाम नेपाली किसानले नेपाली बजारबाट मल नपाउने अवस्था आयो । भारतीय किसानलाई नेपाली बजार आउन दुरुत्साहित गरे मात्र नेपालमा मल रहने भयो र नेपाली किसानले मल पाउने भए । भारतीय किसानलाई नेपाली बजारमा दुरुत्साहित गर्नका लागि तात्कालिन पञ्चायती सरकारसंग मलको मुल्य बढाउनु भन्दा अर्को कुनै विकल्प थिएन । मलको मूल्य बृद्धि गरेर आ□नो देशका किसानलाई राहत दिनु पर्ने तात्कालिन पञ्चायती सरकारको निरिहताको अर्थ मैले पछि थाह पाएं । यो स्थिति पञ्चायती शासकको निरिहताका कारण मात्र पैदा भएको थिएन, त्यो मूख्यतः नेपाल र भारतका बीचको खुला सिमानाका कारण भएको थियो । यो समस्या निरंकुश पञ्चायतको अन्त भएपछि सँबैधानिक राजतन्त्रको स्थापना र हालमा गणतन्त्रमा पुग्दा समेत पनि समाधान भएको छैन । त्यो बेला समस्या जे थियो अहिले पनि त्यही नै छ ।

सन् १९५०को सन्धिले खुला सिमाना र आर्थिक, सामाजिक लगायत समग्र क्षेत्रमा 'पारस्पारिक आधारमा समान सुविधा'को व्यवस्था गरेको छ । यो निरपेक्ष समानता नै हाम्रा लागि घातक छ, असमान मात्र होईन । ३ करोड भन्दा कम जनसंख्या भएका सबै नेपालीहरू भारतमा बसाईं सरे पनि नेपालीहरू त्यहाँ त्यत्ति कै हराउँछन् भारतलाई केही फरक पर्दैन । तर १ अरव ३० करोड जनसंख्या भएको भारतबाट त्यसको २ प्रतिशत भन्दा केही बढी मानिस नेपालमा भित्रिए भने पनि नेपालीहरू सिधै अल्पमतमा पर्छन् । त, यो कसरी समान भयो ? यसबाट नेपालको स्वतन्त्र अस्तित्व बच्ला ? बाग्मतीमा बगेको जति पानी नारायणीमा थपिंदा त्यसमा कुनै असर पर्दैन तर नारायणीमा बग्ने जति पानी वाग्मतीमा थपिन गए त्यसले ल्याउने परिणाम के होला ? यसको सहजै अनुमान लगाउन सकिन्छ, काठमाण्डु उपत्यका बाँकी रहन्न । यसरी, खुला सिमाना रहेको वर्तमान स्थितिमा यो 'समान सुविधा'ले नेपालको अर्थ-राजनीतिलाई मात्र होइन, भौगोलिक अस्तित्व एबम् पहिचानलाई नै लोप गराउने काम गरिरहेको छ ।

नेपालको भारतसंग १,७५१ कि.मी. लामो खुला सिमाना रहेको छ । प्रत्येक १/१ कि.मी.मा सिमास्तम्भ राख्ने भनिए पनि तीमध्ये धेरै गायव भैसकेका छन् । भारतसँग जोडिएका २६ वटा जिल्लामध्ये २२ वटा जिल्लाका ६२ ठाउंमा भारतको तर्फबाट सिमाना अतिक्रमण भएको कुरा सिमाविद्हरूले बताउने गर्छन् । अतिक्रमणको यो प्रक्रिया अहिले पनि जारी छ । नेपालको सिमाना अतिक्रमण भैरहनुका पछाडिको एउटा प्रमुख कारण खुला सिमाना रहनु नै हो र यो अतिक्रमण भारतीय शासकहरूको संरक्षणमा नै हुँदै आएको छ । भारतीय भूमिमा कलभर्ट बनाएको भन्ने बहाना बनाएर भारतीय सीमा सुरक्षा बलले केहि दिन अगाडि कञ्चनपुर जिल्लाको आनन्दपुर बजारमा गरेको अतिक्रमण र हत्याकाण्ड भारतका तर्फबाट भएको हस्तक्षेपको पछिल्लो कडी हो । नेपाल-भारत सिमाना खुला रहेसम्म अतिक्रमण र हस्तक्षेपको यो प्रक्रिया रोकिन संभव छैन, बरु अरु बढने कुरा निश्चित छ ।

नेपाल-भारतको सिमाक्षेत्रमा दुबै तिर नागरिकता लिने र व्यवसाय गर्ने प्रक्रिया सामान्य जस्तो भएको छ । त्यो क्षेत्रका अधिकांश हुने-खानेहरूले दुबैतिर बसोबास गर्ने र आर्थिक कारोबार गर्ने गर्दछन् । त्यति मात्र होईन, भारतको मतदाता नामावलीमा नाम भएका भारतीय नागरिकहरू समेत नेपालमा मन्त्री भैसकेको कुरा पनि धेरै नेपालीलाई थाह छ । नेपालको पहाडी ईलाकामा भन्दा तराई क्षेत्रमा जनसंख्या बृद्धिदर निकै धेरै छ । यस्तो हुनुका पछाडिको एउटा प्रमूख कारण खुला सिमाना हुदै भारतबाट नेपाली भूमिमा प्रबेश गर्ने र नेपालमा स्थायी बसोबास गर्ने प्रक्रिया नै हो । तराई माथिको यो जानसांख्यिक अतिक्रमण एउटा विशेष रणनीतिमा आधारित छ । यो अतिक्रमण नेपाललाई आ□नो भूमिमा गाभ्ने भारतीय शासकहरूको प्रायोजित विस्तारवादी योजनाको एउटा महत्वपूर्ण कडी हो । यसलाई थुप्रै तथ्यहरूले पुष्टि गरिसकेका छन् ।

उपरोक्त विषयहरूका अतिरिक्त नेपाल तथा भारतका बीचमा अवैध व्यापार, नेपाली पुरातात्वीक महत्वका वस्तुहरूको विदेश पलायन, भारतीय वेश्यालयहरूमा नेपाली युवतीहरूको बेचबिखन, हात-हतियारको तस्करी, चोरी-निकासी तथा डकैती, गुण्डागर्दी लगायत अवाञ्छित तथा असामाजिक गतिविधीहरू एक पछि अर्को गरी बढिरहेका छन् । सांस्कृतिक अतिक्रमण व्यापक छ । यी सबैका पछाडी नेपाल र भारतका बीचको खुला सिमानाले ठूलो भूमिका खेलेको कुरालाई कसैले विर्सिन सक्दैन । खुला सिमानालाई भारतीय शासक वर्गले नेपाल माथि राजनीतिक, आर्थिक तथा सांस्कृतिक हैकम जमाउन प्रयोग गरिराखेको छ । यो कुनै अर्थमा पनि नेपालको हितमा छैन बरु नेपालका लागि अभिशाप बन्न गएको छ ।

नेपाल र भारतका बीचको खुला सिमाना, राष्ट्रिय औद्यागिक तथा व्यावशायिक नीतिको अभाव र उपभोग्य वस्तुहरूको अनियन्त्रित आयातका कारण नेपालका उद्योग, व्यवशाय तथा व्यापार सबै ध्वस्त हुदै गएका छन् । माथि रेडियो नेपालले प्रशारण गरेको राष्ट्रिय समाचारले व्यापारिक क्षेत्रमा नेपालको हालत के रहेछ भन्ने कुरा स्पष्ट गरेको छ । यो स्थिति कायम रहुञ्जेल नेपालको व्यापार भारतीय नियन्त्रण भन्दा बाहिर जान संभव छैन । त्यसमाथि भारत तथा अन्य देशहरूबाट हुने अनियन्त्रित आयातका कारण नेपालका उद्योगहरू मात्र होईन घरेलु तथा कृषी व्यवशायहरू समेत प्रतिस्पर्धामा टिक्न नसकेर एक पछि अर्को गर्दै ध्वस्त हुदै गएका छन् र राष्ट्रिय उत्पादन धराशायी भएको छ । परिणाम स्वरूप नेपालको भारतसंग हुने आयात र निर्यातको अनुपात करीव १४:१ पुगि सकेको छ । यो डरलाग्दो स्थिति हो । अत्याधुनिक कम्प्युटर प्रविधी देखि खाने दाल-चामल, पिउने पानी, लगाउने कपडा लगायत दैनिक उपभोगका प्राय सबै सामाग्री बाहिरबाट आयात गर्नु पर्ने र ती सामाग्री खरिद गर्ने पैसा कमाउनका लागि मलेशिया र खाडी मुलुकहरू धाउनु पर्ने विडम्बनापूर्ण स्थितिले देश कति पराश्रित र पराधिन बन्दै गैरहेको छ, यसलाई बुझ्न अब गाह्रो छैन । यो भनेको नेपाल एउटा असफल राष्ट्र बन्ने तर्फको यात्रा हो ।

राष्ट्रिय सम्पदाको अभाव भएर र नेपाली जनता अल्छी भएर देश यो दुरावस्थामा च्यापिन गएको होईन । नेपालको भौगोलिक विविधता, अपार जलस्रोत, पर्याप्त खेतीयोग्य उर्बरा भूमि, खनिज तथा बनजंगल जस्ता प्राकृतिक स्रोत तथा साधन यहाँ यथेष्ट मात्रामा उपलब्ध छन् र नेपाली जनता मेहनती छन् । पराधिनता र पराश्रयको यस्तो डरलाग्दो अवस्था नेपाली शासक वर्गमा रहिआएको अवैज्ञानिक दृष्टिकोण र वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादी चिन्तनको अनिवार्य परिणाम हो । यो स्थितिबाट मुक्त हुन र नेपालको समग्र आर्थिक विकासको ढोका खोल्न वैज्ञानिक दृष्टिकोणका आधारमा राष्ट्रले यो आत्मसमर्पणवादी चिन्तनलाई परास्त गरेर आयातलाई दुरुत्साहित गर्ने र राष्ट्रिय उद्योग तथा व्यवशायलाई संरक्षण गर्ने नीति लिनु जरुरी छ । खुला सिमाना राखेर भारतीय अर्थतन्त्रसंग खुला प्रतिस्पर्धा गर्ने नीतिले नेपालमा राष्ट्रिय पूँजीको विकास सँभव छैन । यहि स्थिति कायम रहने हो भने देशको अर्थतन्त्र मात्र होईन, देशको राष्ट्रिय स्वाधिनता र नेपाली पहिचान नै ध्वस्त हुने कुरा अब अनिवार्य भैसकेको छ ।

यो साम्राज्यवाद तथा सर्बहारा क्रान्तिको युग हो । उत्पीडित देशका प्रतिक्रियावादी शासकहरूले साम्राज्यवादी तथा विस्तारवादी शासकहरूका सामू आत्मसमर्पण गर्नु र राष्ट्रिय हितलाई उनीहरू कै जिम्मा लगाउनु यो युगको विशेषता नै हो । नेपाल भारतको खुला सिमाना र अन्य असमान सन्धिहरू नेपालको राष्ट्रिय हितमा छैनन् भन्ने कुरा अहिले सम्मका शासकहरूलाई थाह नभएको विषय होईन । अवैज्ञानिक विश्व दृष्टिकोण र प्रतिक्रियावादी वर्ग चरीत्रका कारण उनीहरूले साम्राज्यवादी हस्तक्षेपको प्रतिरोध गर्न सक्दैनन् बरु साम्राज्यवादका सामु लंपसार परेर सत्तामा आफ्नो आयु लम्व्याउने कोशिस गरिराखेका हुन्छन् । तसर्थ यो साम्राज्यवादी संसदीय व्यवस्था र संसदीय निर्वाचन मार्फत परिवर्तन हुने सरकारबाट खुला सिमानाको नियमन गर्न, राष्ट्रिय अर्थतन्त्रको संरक्षण गर्न र वाह्य हस्तक्षेपका कारण पैदा भएका दुष्परिणाम लगायत नेपाली जनताले भोग्दै आएका जनतन्त्र तथा जनजीविकाका समस्याको समाधान गर्न संभव छैन ।

यी समस्याहरूको समाधानका लागि साम्राज्यवाद र दलाल तथा नोकरशाही पूँजीपति वर्ग एबं सामन्त वर्गबाट बनेको घरेलु प्रतिक्रियावाद विरोधी संघीय जनगणतन्त्र नेपालको स्थापना गर्नु अनिवार्य छ । यो वैज्ञानिक विश्व दृष्टिकोण मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गदर्शन, सर्बहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्व र उत्पीडित वर्ग, लिङ्ग, जाति तथा क्षेत्रका जनताको संयुक्त जनवादी अधिनायकत्व अन्तर्गत स्थापित हुने राजनीतिक व्यवस्था हो । यसरी स्थापित हुने संघीय जनगणतन्त्र नेपालले मात्र साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको प्रतिरोध गर्न, खुला सिमानाको नियन्त्रण गर्न, राष्ट्रिय अर्थतन्त्रको संरक्षण गर्न, जनतन्त्र तथा जनजीविकाका समस्या समाधान गर्न र समाजवाद तथा साम्यवादको दिशामा अगाडि बढनका लागि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने बाटो खुला गर्दछ । तसर्थ, संघीय जनगणतन्त्र नेपालको स्थापनार्थ संघर्षको दिशामा अगाडि बढनु नै अहिलेको अनिवार्य आवश्यकता हो ।

*चैत ३, २०७३*

## सेना...

समन्वय समितिले आयोजना गरेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष किरणले प्रतिक्रियावादी दलाल राज्यसत्तालाई पल्टाउनका लागि क्रान्तिकारी युवा शक्तिको खाँचो रहेको बताए ।

कार्यक्रममा साहसी क्लवका युवाहरू विजय वाइवा, साजन श्रेष्ठ, श्याम लामा, प्रविण रामदाम, मञ्जु लामा, रविना श्रेष्ठ, सुनिल परियार, दावा लामा, नरेश चौधरी, सरोज लामालगायत क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए ।

क्रान्तिकारी युवा नेता अमीर महर्जनले अध्यक्षता गरेको उक्त कार्यक्रमको संचालन बसन्त बोगटीले गरेको थियो भने स्वागत हरिकृष्ण गजुरेलले गरेका थिए । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा नेवा राज्य संयोजक दिनेश शर्मा, विष्णु खड्का, कुमार बोगटी, विजय वाइवा, साजन श्रेष्ठ, श्याम लामा र क्रान्तिकारी युवा लिगका केन्द्रीय सदस्य किरण अतिथिको रूपमा उपस्थित रहेका थिए । पार्टी प्रवेश गर्ने युवाहरूको तर्फबाट साहसी क्लवका अध्यक्ष समेत रहेका विजय वाइवाले प्रतिबद्धता मन्तव्य राखेका थिए ।

## पूर्वी...

प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै केन्द्रीय कार्यालय सदस्य तथा पार्टी स्कुल विभाग प्रमुख परि थापाले पार्टीका हरेक कार्यकर्ताको राजनीतिक वैचारिक स्तर वृद्धिका लागि प्रशिक्षणको आवश्यकता रहेको बताए ।

उनले नेपालमा कम्युनिष्ट पार्टीले क्रान्तिका लागि हरेक प्रयत्न गर्दा पनि त्यसलाई वैचारिक रूपमा माथि उठाउन नसक्दा क्रान्ति पछि धकेलिएको उल्लेख गर्दै प्रशिक्षणका माध्यमबाट कार्यकर्ताको क्षमता वृद्धिका लागि राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रमको आयोजना गर्न सुरु गरिएको बताए ।

थापाले क्रान्तिलाई सञ्चालन गर्नका लागि र क्रान्ति पछिको राजनीतिक व्यवस्थापन र आर्थिक विकासका लागि पनि प्रशिक्षणको ठूलो महत्व रहेको उल्लेख गरे ।

केही समयअघि क्रान्तिकारी माओवादीले मिथिला राज्यस्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो । १० वर्षे जनयुद्धको नेतृत्व गर्दै राज्यको ठूलो भूभागमा कब्जा जमाईसकेको माओवादीमा शान्ति प्रक्रियामा सामेल भएसँगै राजनीतिक वैचारिक स्तर भुत्ते हुँदै गएका बेला यस्ता प्रशिक्षणको ठूलो महत्व रहेको छ ।

## लड्नैपर्छ...

प्रधानमन्त्री र गृहमन्त्रीसँगको भेटमा गम्भीरतापूर्वक कुरा राख्न नसकेको उल्लेख गर्दै उनले फेरि पनि पुरानै खालको अफसोच र दुःख मात्रै भएको टिप्पणी गरे ।

'सरकारले राष्ट्रियताको गम्भीर प्रश्नलाई पनि गम्भीरतापूर्वक लिएको देखिएन,' उनले भने, उनले भने, 'भारतमा गएका गृहमन्त्रीले समेत त्यसलाई गम्भीर रूपमा कुरा उठाएको पाइएन, भारतीय प्रधानमन्त्री र गृहमन्त्रीसँग कुरा राखिएको भनिएपनि खाली अफसोच र दुःख मात्रै भएको छ ।' उनले भारतको ज्यादतीको समेत विरोध गर्न नसक्ने सरकारलाई नपुंसक सरकार भएको टिप्पणी गर्दै त्यसको पनि विरोध गरे ।

उनले भारतीय शासक वर्ग झुकेर वर्षौसम्म उपनिवेशका रूपमा रहँदा समेत नेपाली नझुकेको उदाहरण दिंदै उनले नेपाली जनतामा स्वाभिमान रहेको उल्लेख गरे । 'हाम्रा पुर्खाले रगतको खोलो बगाएर भएपनि देशलाई कहिल्यै उपनिवेश बन्न दिएनन्, उनले भने, 'हामीले हाम्रो सुरक्षा र राष्ट्रिय स्वाधीनताका लागि जागरुक र दृढ हुन जरुरी छ । राष्ट्रिय स्पाधीनताको रक्षाका लागि राष्ट्रिय स्वाधीनताको युद्ध गर्न पनि पछि पर्नु हुँदैन । भारतमा पनि नेपाली छन् । उनीहरूले पनि नेपालको राष्ट्रिय स्वाधीनताको युद्धमा साथ दिनेछन् ।'

उनले सप्तरी घटनामा सरकार, एमाले र मधेसी मोर्चा तीववटै शक्ति दोषी रहेपनि जनताको क्रुर हत्या गर्ने फासिस्ट सरकार मुख्य दोषी रहेको अध्यक्ष किरणको भनाई थियो । अध्यक्ष किरणले आफूहरूले जनगणतन्त्रका लागि संघर्ष गरेपनि घुमिफिरी पुरानै संसदवाद आएको उल्लेख गर्दै जनतन्त्र र जनजीविकाका लागि फेरि नयाँ क्रान्तिको तयारी गर्नुपर्ने अवस्था आएको बताए ।

अहिले देशमा दक्षिणपन्थी संशोधनवादको बिगविगी बढेको टिप्पणी गर्दै उनले कुनै समय क्रान्तिकारीको पक्षमा रहेकाहरू अहिले प्रतिक्रियावादी सत्ताको रक्षक बनेको उदाहरण पेश गरे । दक्षिणपन्थी अवसरवादको भण्डाफोर नगरीकन क्रान्तिको तयारी गर्न नसकिने उनको भनाई थियो ।

'लाखौं युवाहरू स्वदेशमा रोजगारी नपाएर विदेशिन बाध्य छन्, उनीहरूकै रेमिट्यान्समा चल्ने सरकार रोजगारी सिर्जना गर्नुभन्दा पनि देशका स्रोत साधन विदेशी शक्तिकेन्द्रलाई सुम्पिन तयार देखिएको छ, अध्यक्ष किरणले भने, ' उनीहरूलाई स्वदेशमा फर्काउनका लागि पनि संघर्ष गर्नुपर्ने आवश्यकता छ ।'

नेपालका प्राकृतिक स्रोत र साधनलाई सदुपयोग गरी ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सकिने उल्लेख गर्दै उनले माथिल्लो कर्णाली, अरुण तेस्रोजस्ता आयोजनाहरू स्वदेशी लगानीमा देशको हितका लागि प्रयोग गर्नुपर्नेमा जोड दिए ।

उनले युवाहरूलाई राष्ट्रियता, जनतन्त्र र जनजिविकाको सवालमा गम्भीरतापूर्वक सोचेर क्रान्तिको तयारीमा जुट्न निर्देशन दिए ।

अहिले स्थानीय निकायको निर्वाचनको विषयमा संविधान संशोधन अघि वा पछि भन्ने विवाद सिर्जना भएपनि त्यो विवाद क्रान्तिकारी शक्तिहरूबीचको नभई पुरानै संसदीय व्यवस्थामा रमाउने प्रतिक्रियावादी शक्तिको विवाद भएको उनले बताए । संसदीय व्यवस्थामा हुने निर्वाचनलाई क्रान्तिकारीहरूले आवश्यकताअनुसार उपायोग र बहिस्कार दुवै गर्न सक्ने भएकाले आफूहरूले त्यसबारेमा सचेत निर्णय लिने जानकारी दिए ।

अहिले निर्वाचनको विषयलाई लिएर मधेसी, जनजाति आदिले विरोध गरिरहेको उल्लेख गर्दै त्यसलाई नसुनेर वा अलग्याएर गरिने निर्वाचनको कुनै अर्थ नहुने स्पष्ट पारे ।

मधेसमा केही विखण्डनकारी सक्रिय भइरहेका बेला मधेसी मोर्चालाई समेत बाहिर राखेर निर्वाचन गर्ने र सबै शक्तिलाई निर्वाचनमा आउने वातावरण सिर्जना नगरी गरिने निर्वाचनले देशलाई टुक्राउने खतरा रहेको समेत उनले औल्याए ।

अहिलेको अवस्थामा चुनाव हुने वातावरण नदेखिएको उल्लेख गर्दै उनले सरकारले यी सबै कुरामाथि ध्यान नदिएर जबरजस्ती गरे देशकै भविष्य खतरामा पर्ने चेतावनी समेत उनले दिए ।

यसैगरी साँस्कृतिक प्रतिरोध दिवसको अवसरमा बाँकेको नेपालगञ्जमा पनि ऱ्याली र कोणसभाको आयोजना गरिएको छ । सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का थारुवान राज्यसमिति इन्चार्ज हर्कबहादुर शाही, बाँके जिल्ला इन्चार्ज भूपेन्द्र न्यौपानेलगायतले सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा उनले नेपालको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप हुँदा समेत सरकार रमिते बनेर बसेको उल्लेख गरे । राष्ट्रियता खतरामा परेका बेला सबै देशभक्त र राष्ट्रवादीहरूले एकजुट भएर विस्तारवादी हस्तक्षेपको विरोध गर्नुपर्ने उनको भनाई थियो ।

दिवसका अवसरमा, दाङ, बाँके, चितवन, बुटबल, नवलपरासी, सिन्धुली, काभ्रे, सुनसरीसहित देशैभर विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो



# कथित निर्वाचनको नाममा गृहयुद्ध निम्त्याऊ

◆झपेन्द्रराज वैद्य

मधेश समस्या भनेको सामन्ती नेताहरूको समस्या होइन । उनीहरू त बर्गीय समाधान र जातीय स्वतन्त्रताको बाधक हुन् । अनि दलाल पुँजीपतिका पृष्ठपोषक । उनीहरूले मधेशी साधारण जनताको भावनामाथि आक्रमण गरी पहाडी खश आर्य अभिजात बर्गको एकाधिकार बिस्तार गर्छन् । यही कुरा अहिले अभियानको रूपमा लगिएको छ । उनीहरूको एकल जातीय अधिकार संबिधानमा समाबेश गरिएको छ । त्यसलाई मलजल गर्न संबिधान संशोधन बिना प्रान्तीय निर्वाचन अगाबै स्थानीय तहको निर्बाचनको लागि दौडधूप गरिरहेका छन् अभिजात बर्गहरू । मधेशी सामन्त जमिन्दारहरूको कोर्टमा बल आए नि उनीहरू पनि एकै सिक्काका दुई पाटा हुन् । रोटे पिङ् तलमाथि गराउने हुन् । तर उनीहरूले अहिले मधेशी जनताका मागहरू लिएर संसद र सडक दुबै ठाउँमा संघर्ष चलाईरहेका छन् । यस सिलसिलामा झण्डै १०० जना मानिसहरूले ज्यान उत्सर्ग गरिसकेका छन् । यो दुःख लाग्दो कुरा हो ।

एमाले प्रतिपक्षी पार्टी हो । तर यो कहिल्यै जिम्मेवार देखिएन । एमाले मधेशसंग आतङ्कित छ । उसले मधेशलाई दोस्रो दर्जाको नागरिक संझेको छ । पूर्वाग्रहको जेन्डिसले काम गरेको छ उसमा । कुन क्षेत्र कहाँ पार्दा कति भोट आउँछ, यही हिसाब किताब छ एमालेमा । वास्तबमा मधेश नेपाल हो । मधेशी जनता नेपाली हुन् । मधेश बिग्रिए नेपाल बिग्रन्छ । मधेशी जनता दक्षिणी सीमाको पहरेदार हुन् ।

अहिले सन्दर्भ एमालेको मेची महाकाली अभियानसँग छ । ठीक छ सभा जुलुश लोकतन्त्रका प्रण बायु हुन् । यसको अभाबमा तानाशाह जन्मन्छ । यो सबैले जाने बुझेको बिषय हो । आफ्नो मत जनता समक्ष राख्न पाउनुपर्छ । यसमा कुनै बिबाद छैन । तर युद्धमा यो नियम लागू हुन सक्दैन । मधेशी र एमालेमा एक किसिमको युद्ध चलिरहेको थियो । अझैसम्म चल्दैछ युद्ध । संबिधान संशोधन गर्न पाउनु संबिधान प्रदत्त अधिकार हो । संबिधान संशोधन त टाढैको कुरा हो एमालेले त संशोधन प्रस्ताब नै पेश गर्ने कुरामा बिरोध गऱ्यो । नारा जुलुश लगायो । २/२ महिनासम्म संसद नै चल्न दिएन । के बहस चलाउने कुरा लोकतन्त्रमा पर्दैन ? के सार्बभौम संसदलाई सुसुचित गराउने कुरा अपराध हो ? एउटा जिम्मेवार पार्टीले राष्ट्रलाई सोच्ने कि नसोच्ने ? अहिले संशोधनको पक्षमा भोट नहाल्ने कुरामा चट्टानी अडान लिएको छ । भोट नहाल्ने कुरा उसको अधिकारको बिषय हो । तर ऊ राष्ट्रको लागि जिम्मेवार छ कि छैन ? सबभन्दा ठूलो कुरा यो हो । जनताको आकांक्षा चलायमान हुन्छन् । गतिशिल समाजमा जडसूत्रबादी बनेर काम लाग्दैन । संसदको टाउका गनेर ९० प्रतिशतको भोट भन्नुभन्दा तराई मधेशमा बस्ने नेपालको आधा जनसंख्याले निर्वाचनमा भाग नलिएमा कस्तो चुनाब हुने हो । यसको पनि हेक्का राख्नपर्छ । २०३६ सालमा भएको जनमत संग्रहमा ५ प्रतिशत कमी भोटलाई अबमूल्यन गर्दा त्यसको १० बर्षपछि ब्यबस्थाको नै फेरबदल भयो । यथास्थितिमा चुनाब हुने संभावना देखिदैन । चुनाब भैहाले पनि ज्ञानेन्द्र शाहले गराएको चुनाबभन्दा फरक हुनेछैन यो । सैनिकको घेरामा कर्मकाण्डी चुनाब त होला नै २०७२ को संबिधान सभाको निर्बाचन जस्तै । तर महत्व भने यसको कार्यान्वयन पक्षमा छ । कार्यान्वयन नै हुँदैन भने चुनाबको के को नौटंकी ?

आज मधेशीमात्र छैनन् । उत्पीडित जातजाति, थारु, दलित, महिला आदिले आफूलाई सम्बोधन गर्ने खालको संबिधान निर्माण गर्न माग राखिरहेका छन् । सरकार र एउटा जिम्मेवार पार्टीले नसुनेर यो कुरा कसले सुन्ने ? संबिधान कार्यान्वयन नगरिकन संबिधान संशोधन हुँदैन भन्ने हो भने जब माग अनुसारका संबिधानका कुराले प्रबेश गर्न पाएका हुँदैनन्, त्यसबेला के कुरालाई कार्यान्वयन गर्ने ? कार्यान्वयन भन्ने कुरा मूर्त कुरामा हुन्छ । हावामा हुँदैन । पहिलो पटक संशोधित संबिधानलाई दोस्रोपटक संशोधन गर्न किन नहुने ? यो पूर्वाग्रहको खेतीबाहेक अरु केही होइन ।

संशोधन गर्ने कुरामा राष्ट्रियताको प्रश्न उठाएको छ एमालेले । यो हास्याँस्पद कुरा हो । बरु संशोधन नगर्ने हो भने आन्तरिक राष्ट्रियता भत्कने संभाबना छ । मधेश उर्लियो भने छिमेकी मुलुक भारतमा असर पर्न जाने निश्चित छ । मधेश यु..पी र बिहारका जनताबीच रोटीबेटीको सम्बन्ध प्रचीन कालदेखि नै हुँदै आएको छ । नेपालमा भारतबाट ७० प्रतिशतभन्दा बढी सामान आयात हुन्छ । यस तथ्यांकअनुसार मधेशमा ९० प्रतिशत सामान आयात हुन्छ । खुल्ला सीमा छ । एउटी सीमा पारिबाट बिबाह गरेर लगिएकी चेली लडाईंमा मरी भने एउटा बिहारी समबेदित हुन्छ कि हुँदैन ? आमाको मन भक्कानो फुट्छ कि फुटदैन ? त्यसबेला के के हुन्छ केही थाह छैन । यो संबेदनशील बिषय हो । राष्ट्रियताको कुरा गर्ने हो भने एमाले नेता के.पी. ओली आफू प्रधानमन्त्री हुँदा भारत भ्रमणमा गएको बेला १९५० को असमान सन्धिलाई परिमार्जित गरे कि गरेनन् ? बरु मनमोहन अधिकारीले १९५० को सन्धिलाई असमान हो भनेर आवाज उठाएका थिए । लिपु लेकको बारेमा के भयो ? अपरकर्णाली योजना पनि अन्धकार मै थन्किएको छ । यी याबत कुरामा ओलीको भ्रमणले केही गरेन । ६५ ठाउँबाट भारतले ६१ हजारभन्दा बढी जमीन मिचेको छ । खै ? आफ्नै जिल्ला झपामा भारतले २६१ बिगाहा जमीन हडपेको छ । १९४ सीमा स्तम्भ गायब भएका छन् । यी कुराहरूबारे बोलेको केही सुनिएन । अरु त के कुरा यसै हप्ता कञ्चनपुर आनन्दनगरमा भारतीय एसएसबीले गोली चलाउँदा स्थनीयबासी गोबिन्द गौतमले बीरगती प्राप्त गरे । १०/१२ जना घायल भए ।

जुन जोगी आए पनि कानै चिरेका । एमालेको राष्ट्रबाद कहाँ गयो त्यसबेला ? महाकाली भारतलाई सुम्पने बेला राष्ट्रियताको चेत आयो कि आएन एमालेमा ? नेपाली भूभाग बाहिरी देशबाट मिचिए चूपलाग्ने तर सीमा मिलानको क्रममा एउटा प्रान्तको केही भाग अर्को प्रान्तमा मिलाउँदा राष्ट्रियता जाने कहाँको मन्त्र हो एमालेको ? ७ नं. प्रदेशबाट बढाएर ८ प्रदेश गराउन सकिदैनथ्यो ? आखिर संघीयता समाप्त पार्ने खेल त होइन यो ? सडकमा यही चर्चा परिचर्चा छ । धर्मनिरपेक्षता डगमग छ । अहिलेको गतिबिधि हेर्दा पूर्वराजा ज्ञानेन्द्र शाहलाई ल्याउने असफल प्रयास पनि हुँदैछ । यी कुरा मनसित खाने लड्डू मात्र हुन् । अहिलेका संसदबादी नेताहरूको गतिबिधिले गर्दा ज्ञानेन्द्र शाहले टाउको उठाएका मात्र हुन् । तर सामन्तबादलाई फाल्न इतिहासले ठूलो मूल्य चुकाएको छ । बगेको खोला फर्केर आउदैन । तर भने नेताहरूमा सामन्ती संस्कार ज्युँका त्युँ छ । यसलाई बदल्न अर्को चुनौती उत्तिकै थपिएको छ ।

जहाँसम्म सप्तरीमा घटेको घटना छ, यसमा सरकार जिम्मेवार छ । खलनायक एमाले छ । झगडाको आगो एमालेले सल्काएको छ । सरकार, राजनैतिक पार्टीहरू र पत्रकारहरूले पनि एमालेलाई मधेशमा नजान आग्रह गरेका हुन् । तर एमालेले आफ्नो ढिंपी त्याग्न सकेन । सरकारबाट सुरक्षाकर्मी माग्यो र दलबलका साथ सप्तरी राजबिराजमा गयो । बिरोध जनाउन मधेशी कार्यकर्ताहरूले कालो झण्डा देखाउँदै शान्तिपूर्ण तरिकाले सभा हेरिरहेका थिए । दुई चार जनाले कालो झण्डा देखाउदैमा एमाले रोकिदैन । काला धोतीहरूसँग हामी डराउदैनौं । यिनीहरू भारतका खेताला हुन् भन्ने अभिब्यक्ति उखानटुक्कामा भर्दै दिदै गरे के.पी. ओलीले। जब सभा सकियो खोजी खोजी मधेशी कार्यकर्ताहरूलाई ढुङ्गामुढा गर्न थाले एमालेका कार्यकर्ताहरू । अब दोहरो झडप हुने स्थिति भयो । एमालेले फोनबाट गरेको आग्रहमा गृहमन्त्रीले फाइरिङको आदेश दिए । यसरी एमालेले नै गोली ठोकाएको हो । एमालेको भनाइअनुसार यदि गोली नठोकेको भए, टीकापुरको जस्तो ठूलो क्षति हुनेथियो । यस घटनामा ५ जना सर्वसाधारण मरे । दर्जनौ घायल भए । यो दुःखद पक्ष हो । जुन मरे पनि नेपाली मरे । अपराध गर्नेहरूलाई उन्मुक्ति दिनु मानब अधिकारको हनन हो । एकता खल्बलिने गरी उत्तेजनात्मकरूपले कुरा गर्नु राष्ट्रबाद होइन । कट्टो खान गएकी बूढी झोलमा डुबी भनेजस्तै भयो एमाले मित्रहरूलाई । २/४ जना सामन्त मधेशी नेताहरू भारतपरस्त त होलान् । छन् पनि तर सिंहदरबारमा बस्ने नेताहरू अझ दलालीमा खप्पीस छन् । मधेशी जनताले भारतलाई के दिए ? बरु खस ब्रह्मण सम्भ्रान्तहरूले नदीनाला बेचेका छन् । यो क्रम अझै जारीरहे सिक्किमीकरण कुनै टाढाको कुरा छैन । स्मरण रहोस् १९७५मा सतन्त्र सिक्किम भारतमा बिलय भएको थियो । यसमा एमालेले ध्यान दिने कि नदिने ? मधेश दुब्लाउदैछ । २/४ जना सम्भ्रान्त मधेशीबाहेक मधेशी जनताहरू उत्पीडनमा छन् । संयुक्त मधेशी मोर्चाले राखेका अधिकांश मागहरू मधेशी जनताहरूलाई सम्बोधन गर्ने खालका छन् कि छैनन् ? छैनन् भने कारण खुलाउनु पऱ्यो । मनभित्रको पोकाले केही गर्दैन । त्यही माग अन्तरिम संबिधानमा समेटिएको थियो भने अहिले कुन केन्द्रले छेक्यो ? यो संबेदनशील बिषय हो । उनीहरूका मागले मधेशी मन र मधेशी माटोलाई छोएको छ भने मेरो गोरुको बाह्रै टक्का भनिरहनु ठीक छैन । यही वाताबरणमा त्यहाँ निर्बाचन गर्ने हो भने देशैभरि युद्धको आगो सल्किने संभावनालाई नकार्न सकिदैन । यसै निहुँमा बाहिरी हस्तक्षेपको सामाना गर्नुपर्ने छ । देश र जनतालाई माया गर्ने हो भने यसको जिम्मेबारी एमालेले र अन्य संसदबादी पार्टीले लिनुपर्छ । सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ मधेशी मोर्चाले । फिर्ता लिउन वा नलेउन, अप्रीय घटना भएमा मधेशी नेताहरू पनि पानीमाथिको ओभानो हुने छैनन् ।

# देजमो कपिलवस्तुको संयोजकमा शिवमंगल चौधरी

कपिलवस्तु । नेकपा (क्रान्तिकारी माओबादी)को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा कपिलबस्तुको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । भेलाले शिवमंगल चौधरीको संयोजकत्वमा ५ जनापछि थप्ने गरी २५ सदस्यीय जिल्ला तदर्थ समिति गठन गरेको छ । भेलाले मोर्चाको जिल्ला सदस्यहरूमा अहमद हुसेन डफाली,पुष्पा सुनार,धुरकुमारी थारु,रामु परियार,तेज बहादुर थारु,मिठाइलाल चौहान,सौतम यादब,कैलास हरिजन,राहुल यादब,भुबन पोखेल,भोजराज पाण्डे,आकाश यादब,मिना थारु,कमला भण्डारी,हर्दीस मुसलमान,मूल्लन मुसलमान,डिल ब.थापा,मगरे थारु,राम बहादुर थारु लगायतलाई चयन गरेको छ । बाणगंगा नगरपालिकाको बोड्गाउँ खड्ग बौद्ध बिहारमा सम्पन्न भेलाको प्रमुख आतिथ्यता मोर्चाका केन्द्रीय सचिव परि थापाले गरेको थियो भने भेलामा पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज समीर केसी, मोर्चाका अवध संयोजक भुलबहादुर सुनारी, पार्टीका जिल्ला सचिव आकास विसी अतिथिको रूपमा उपस्थित रहेका थिए । रामविलास थारुले अध्यक्षता गरेको उक्त भेलको संचालन ज्ञानीराम पुरीले गरेको थियो भने स्वागत इन्द्रजित यादबले गरेका थिए ।


नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला समन्वय समिति, तनहुँ

## जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**

- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
- विवाहको घटना पति पत्नी दुवैले ।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराइ गरी जाने व्यक्तिले ।

**कसरी गर्ने ?**

गाउँपालिका वा नगरपालिकामा निःशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ ।



नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
चित्रवन नगरपालिका कार्यालय, चितवनको

## सूचना ! सूचना ! ! सूचना ! ! !

चित्रवन नगरवासीहरूमा चित्रवन नगरपालिकाको हार्दिक अनुरोध ! यस नगरपालिका क्षेत्रभित्र हुने कार्यक्रम तथा योजनाहरूमा न्युनतम पनि तपसिलअनुसारको परिधिभित्र रही वातावरणमैत्री कार्यक्रम गरिदिनु हुन अनुरोध छ ।

**तपसिल**

१) कार्यक्रमहरूमा सम्मान या बधाई दिने क्रममा खादाको प्रयोग नगरी वातावरणमैत्री पुष्पगुच्छा वा मालाको प्रयोग गर्ने,
२) चिया खाने गिलास प्लास्टिकको प्रयोग नगर्ने, त्यसको विकल्पमा स्टिल, सिसा वा कागजको गिलास प्रयोग गर्ने,
३) कार्यक्रम स्थलमा फोहोरको वर्गीकरण हुने गरी कुहिने र नकुहिने फोहोरको लागि प्रष्ट देखिने गरी डस्टबिनको व्यवस्था गर्ने,
४) कार्यालय परिसरमा प्लास्टिकको झोला निषेध गर्ने,
५) फ्लेक्स प्रिन्ट गरिएको ब्यानरलाई निरुत्साहित गर्ने,
६) प्लास्टिक मिसिएको ब्याचको विकल्पमा वातावरणमैत्री कागज वा हरियो पातबाट बनाइएको ब्याच प्रयोग गर्ने ।
७) न.पा.लाई २०७३ मसान्तसम्म वातावरणमैत्री स्थानीय नगरपालिका घोषणा गर्न सघाउ पुऱ्याउने ।



SANJEN JALAVIDHYUT COMPANY LIMITED
Sanjen (Upper) Hydroelectric Project [14.8 MW]
Sanjen Hydroelectric Project[42.5 MW]

Sanjen(Upper) Hydroelectric Project

| | |
|---|---|
| Installed Capacity: | 14.8 MW |
| Annual Energy: | 85.87 GWh |
| Design Flow: | 11.07 m³/s |
| Head: | Gross: 161.30 m |
| Peaking Pond Capacity: | 70 min |
| Headrace Tunnel: | 1.38 km [3.5*3.75] m² |
| Surge Tank: | 40.0 m [h], 6.0 m [dia]. |
| Penstock Pipe: | 478 m[l], 1.1 to 2.5 m[dia] |
| Turbine: | Horizontal Francis 3 nos |
| Powerhouse: | Surface Type |
| Transmission Line: | 132 kV 8km |



Sanjen Hydroelectric Project

| | |
|---|---|
| Installed Capacity: | 42.5 MW |
| Annual Energy: | 251.94 GWh |
| Design flow: | 11.57 m³/s |
| Head: | Gross: 441.00 |
| Headrace Tunnel: | 3.63km (3.5*3.75) m² |
| Surge Tank: | 58.0 m (h), 5.5 m (dia). |
| Penstock Pipe: | 1100 m(l), 1.1 to 2.5m(dia) |
| Turbine: | Pelton, Vertical Axis 3 nos |
| Powerhouse: | Surface Type |
| Transmission Line: | 132 kV 2 km |





नयाँ वर्ष २०७४ सालको अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

PARIBODH BOARDING HIGH SCHOOL
Dhobighat Ringroad, Lalitpur



२०७४ साल नयाँ वर्षको हार्दिक शुभकामना !
विगत १५ वर्षदेखि घरजग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था




गौली ग्रुपको विशेषताहरू

१. शून्य रकममा घडेरी पास गर्न सकिने ।
२. आफूले चाहे जति मोहडाका घडेरी लिन सकिने ।
३. नगर विकासको आधारभूत मापदण्ड पूरा गरिएको ।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको ।
५. फराकिलो बाटो भएको ।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको ।
७. सरल ढंगले घडेरी पास गर्न सकिने ।
८. गौली ग्रुपसँग घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेञ्ज पनि गर्न सकिने ।

गौली ग्रुप डेभलपर्स प्रा.लि.
भरतपुर चितवन, फोन ०५६-५२०९३७,
इमेल : gauligroup@gmail.com







प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।